**सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।**
- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शङ्का लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं ।
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं ।
- समय-समयमा सवारीसाधनको मर्मतसम्भार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratеekdaily.com




❖ वर्ष ३५ ❖ २०७९ साउन ०७ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 23 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२५

## राजस्व चुहावट र नियन्त्रणमा विभागद्वारा कडाइ -महानिर्देशक अधिकारी

प्रस, वीरगंज, ६ साउन/

राजस्व अनुसन्धानका महानिर्देशक झलकराम अधिकारीले राजस्व चुहावट र नियन्त्रणमा विभागले कडाइ गर्ने बताए ।

वीरगंज उद्योग वाणिज्य सङ्घले आयोजना गरेको राजस्व अनुसन्धानमा देखा परेका नीतिगत तथा व्यावहारिक समस्याबारे छलफलमा उनले राजस्व चुहावट र नियन्त्रणको लागि विभागले कुनै मोलाइजा नराख्ने बताए ।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ताले राजस्व तिर्नका लागि व्यापारीहरू अग्रसर रहेको तर राजस्व तिर्ने क्रममा उनीहरूले अनावश्यक दु:ख झेल्दै आएकोतर्फ ध्यानाकर्षण गराए। उनले व्यापारीलाई दु:ख दिने कार्य रोक्न र राजस्वमा भइआएको


तस्वीर: प्रतीक

अव्यावहारिक समस्या समाधान गर्न पनि आग्रह गरे ।

छलफलमा राजस्व अनुसन्धानका उपन्यायाधिवक्ता अर्जुन कोइराला, राजस्व अनुसन्धान कार्यालय, पथलैयाका प्रमुख कृष्णप्रसाद पाण्डे, विभागका सूचना अधिकृत पवन बस्नेत, सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्ष माधव राजपाल, सचिव आशिष लाठ, सहसचिव सुशान्त चाचानलगायतको सहभागिता थियो ।

## एमालेको आरोपमा सत्यता छैन -अध्यक्ष चौधरी

प्रस, सेढवा, ६ साउन/

नेकपा एमाले जीराभवानी गाउँपालिकाले हिजो गापा कार्यालयलाई बुझाएको ज्ञापनपत्रमा उल्लिखित मागहरू आरोप मात्र भएको गापा अध्यक्ष अनोज चौधरीले बताएका छन् ।

उनले शुक्रवार नेका जीराभवानीले बिपी स्मृति दिवसमा आयोजना गरेको वृक्षारोपण कार्यक्रममा हिजो नेकपा एमाले जीराभवानी गापाले बुझाएको ज्ञापनमा करार कर्मचारीहरूलाई भेदभाव गरिएको र उनीहरूलाई हटाएको आरोपमा सत्यता नभएको बताए। उनले गापाको कार्यालयमा कार्यरत कुनै पनि करार सेवाका कर्मचारीहरूलाई भेदभाव नगरिएको र कसैलाई पनि नहटाइएको प्रस्ट्याए। अध्यक्ष चौधरीले नेकपा एमाले जीराभवानीले जनमानसमा भ्रम फैलाउन प्रयास गरेको आरोप लगाए । उनले गापाले ल्याएको बजेट शतप्रतिशत जनमुखी भएको दाबी पनि गरे ।

ज्ञापनपत्रमा उल्लेख भए अनुसार किसानहरूका लागि साल्ट ट्रेडिङले उपलब्ध गराएको रासायनिक मल निष्पक्ष तवरबाट वितरण भइरहेको, पालिकामा कार्यरत कर्मचारीहरूलाई कार्यगत दक्षताको आधारमा प्रोत्साहन गर्दै आएको र कुनै पनि स्वास्थ्य स्वयंसेविकालाई नहटाइएको बताए । उनले गापाको प्रशासनिक भवन सार्वजनिक जग्गामा निर्माण गर्न उपयुक्त नहुने तर्क गरे । सार्वजनिक जग्गामा गापा भवन निर्माण गर्नु जोखिमपूर्ण हुने र आफ्नै जग्गामा भवन बनाउनु उपयुक्त हुने कार्यपालिका बैठकले निर्णय गरेको र सोही अनुरूप आफूले कदम अगाडि बढाएको बताए ।



## किर्ते गरी भारतीयलाई नागरिकता, बदरका लागि प्रक्रिया शुरू

प्रस, निजगढ, ६ साउन/

किर्ते अभिभावक बनेर नेपालीभाषी भारतीय नागरिकलाई नागरिकता दिलाएको रहस्योद्घाटन भएपछि संलग्नहरूको खोजी कार्य थालिएको छ ।

निजगढ नगरपालिका-१२ रामथली बस्ने जीरामाया गोले सूचक रही भारत दार्जिलिङकी रजनी राईलाई नेपाली नागरिकता दिलाएको रहस्य खुलेसँगै वडा कार्यालयले बदरका लागि प्रक्रिया अघि बढाएको जनाएको छ ।

झूटो विवरण पेश गरेर स्थानीय गोले साक्षी बसी भारतीय नागरिक राईलाई नेपाली नागरिकता दिलाएको रहस्य खुलेपछि निजगढ नपा-१२ वडा कार्यालयले सो नागरिकता बदरका लागि इलाका प्रशासन कार्यालय सिमरा बारालाई साउन १ गते निवेदन दिइएको वडाध्यक्ष ज्ञानबहादुर गोलेले बताए ।

रजनी गोले भन्ने रजनी राईको भारतीय आधार कार्डमा ३७७९५६५०३५६६ लेखिएको छ भने भारतीय निर्वाचन आयोग परिचयपत्रमा टिक्युजी २०७६९२५ लेखिएको प्रमाण फेला परेको छ । उक्त परिचयपत्रमा निजको नाम रजनी राई, बुबाको नाम किशोर राई जन्म तारिख १९८९/०३/२४ रहेको छ । त्यसैगरी, उनको भारतीय आधार कार्डमा रजनी राई (सिङ्गर) र पति छेडुप सिङ्गरसमेत लेखिएको छ ।

किर्ते जालसाझी गरी बुबाको नाम श्यामराज गोले र सूचक जीरामाया गोले बनाएर नेपाली नागरिकता लिइएको पाइएको छ । राई दार्जिलिङबाट




काँकडभिट्टा नाका हुँदै गत जेठ २४ गते निजगढ आई एक होटलमा बसी नागरिकता बनाउन सफल भएसँगै यही असार ३ गते काठमाडौं गएको स्रोतले जनाएको छ ।

उनलाई भारतबाट राहदानी बनाउन समस्या भएसँगै किर्ते नेपाली अभिभावक खडा गरी नेपाली नागरिकता र राहदानी बनाएर अमेरिका जाने तयारी गरिरहेको पनि स्रोतको दाबी छ । राईको जन्म मिति २०५८/११/१५ गते दर्ता रहेको वडा कार्यालयको रेकर्डबाट देखिन्छ। यो जन्म दर्ता २०७९/०२/२३ गते वडा कार्यालयबाट बनाइएको हो ।

यसबारेमा किर्ते अभिभावक अर्थात् सूचक रहेकी जीरामाया गोलेसँग बुझ्दा उनले आफूले रजनीलाई यसअघि नचिनेको र काठमाडौं बस्ने चिनेका एक महिलाले उनीसँग सम्पर्क गराएको र सोही आधारमा आफूले नागरिकता बनाइदिएको बताइन् ।

नागरिकता बनाइदिएबापत आफूलाई रु १० हजार रुपैयाँ रजनीले दिएको उनले स्वीकार गरिन् । त्यसपछि उनीसँग आफ्नो कुनै सम्पर्क नभएको जीरामायाले बताइन् ।

किर्ते नागरिकता बनाउनका लागि स्थानीय पाँचजना व्यक्ति साक्षी बसेको र रतनपुर अस्थायी प्रहरी चौकीमा सो सर्जमिन, मुचुल्का तयार गरिएको बुझिएको छ। आवश्यक सबै कागजात पूरा गरी सिफारिशका लागि फाइल आएकोले सिफारिश गरिदिएको वडाध्यक्ष गोलेले बताए। उनले आफूले सबै कागजात दुरुस्त पाएपछि सिफारिश गरेको र त्यसमा आफ्नो नियत सफा रहेको बताए। कसैले यसरी झुक्याउलान् भनेर आफूले कल्पनासमेत नगरेको तर आगामी दिनमा यस प्रकारको विश्वासको आधारमा सिफारिश नगर्ने उनले बताए। वडासचिव शुभचन्द्र महतोले सबै वडावासीलाई आफूले नचिनेको र आवश्यक कागजात ठीक भएपछि सिफारिश गर्ने बताए ।

कागजात दुरुस्त ल्याएका सेवाग्राहीको काम नगर्ने कुरै भएन उनले प्रस्ट्याए ।

उनले घटनाको रहस्योद्घाटन भएपछि छानबीन गरिएको र नागरिकता बदरका लागि इप्रका, सिमरामा पठाइएको बताए ।

इप्रका सिमराका प्रमुख मोहनप्रसाद अर्यालले नागरिकता बदरका लागि वडा कार्यालयबाट सिफारिश आएपछि प्रक्रिया अघि बढेको जानकारी गराए । किर्ते अभिभावक बन्ने जीरामाया गोले भने अहिले सम्पर्क बाहिर भएको बुझिन आएको छ ।

## ठुटेखोलामा तटबन्ध निर्माण शुरू

चिरञ्जीवी सापकोटा, ठोरी, ६ साउन/

ठोरी गाउँपालिकामा रहेको ठुटेखोलामा शुक्रवारदेखि तटबन्ध निर्माण शुरू भएको छ ।


तस्वीर: प्रतीक

अस्ति साँझ बुधवारदेखि परेको वर्षाका कारण ठोरी बजार, राईधारा तथा हुलाकी सडकलाई क्षति पुऱ्याउन सक्ने सम्भावना बढेपछि गापाको पहलमा शुक्रवारदेखि तटबन्ध निर्माण शुरू भएको हो । ठोरी गापा अध्यक्ष लालबहादुर श्रेष्ठले बाढी क्षेत्रको अनुगमन गरी रोकथामका लागि तटबन्ध निर्माण कार्य शुरू गरेका हुन् ।

वर्षाका कारण ठुटेखोलाले पश्चिमपट्टि करीब २० मिटर जति खाली जमीन कटान गरेको छ। ठोरीमा रहेको बसपार्कसमेत जोखिममा परेको छ । स्थानीयस्तरमा उपलब्ध जालीमा ढुङ्गा भर्ने काम गरिएको छ । बाँकी जाली साँझसम्म र आइतवार बिहान ठोरी आइपुग्ने गरी कुराकानी भएकोले सोमवारसम्म तटबन्ध निर्माणको सबै कार्य सम्पन्न हुने गापा अध्यक्ष श्रेष्ठले बताए ।

## बिग्रिएको टावर बत्तीको मर्मत शुरू

नरेश यादव, पर्सागढी, ६ साउन/

स्थानीय विकास पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत वीरगंज महानगर-३१ मिलनचोकमा जडान गरिएको टावर लाइटको मर्मत कार्य शुरू भएको छ ।

वन तथा वातावरण मन्त्री प्रदीप यादवले आफ्नो संसदीय विकास कोषबाट जडान गरेको टावर लाइट एक महीनादेखि बिग्रिएको थियो । एक महीनादेखि टावरलाइट बिग्रिएपछि त्यसको फाइदा तस्करहरूले बढी उठाएका थिए । अँध्यारोको फाइदा उठाएर यो


तस्वीर: प्रतीक

(बाँकी अन्तिम पातामा)

## कमिशनतन्त्रले सरकारी दूरसञ्चार सेवा धराशयी बन्दै -वक्ताहरू

प्रस, परवानीपुर, ६ साउन/

नेपाल दूरसञ्चार (नेपाल टेलिकम) आयोजना गरिएको कार्यक्रममा वक्ताहरूले यस्तो बताएका हुन् ।


तस्वीर: प्रतीक

१७ अर्ब मुनाफा गर्ने कम्पनी गत आर्थिक वर्षमा सात अर्बमा झरेकोले यो निकै नै कम्पनी सरकारी हस्तक्षेपको कारण धराशयी बन्दै गएको छ । वीरगंज मुर्लीस्थित क्षेत्रीय निर्देशनालयको सभाहलमा आयोजित वर्कर्स युनियनको ३१औं वार्षिकोत्सवको अवसरमा

वक्ताहरूले कम्पनीलाई धराशयी बनाउन सत्ताधारी पक्ष लागिपरेको ध्यानाकर्षण गराउँदै आगामी दिनमा सबै वर्कर्स युनियन एकबद्ध भएर लाग्नुपर्ने औंल्याए। उनीहरूले एक समयमा वर्षमा चिन्ताको विषय भएको बताए ।

सत्ताधारी पक्षले व्यवस्थापन समिति र सञ्चालक समितिमा आफ्नो नजीकका व्यक्तिलाई नियुक्त गर्ने गरेको र निजी

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**विश्व चेतनाको आकार धारण गर्ने चेष्टाको नाम जीवन हो र जीवनको लक्ष्य हो– सौन्दर्य ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# करार कर्मचारी

**मुलुकका स्थानीय तहहरूमा करारका कर्मचारी हटाउने प्रतिस्पर्धा चलेको छ। पालिकाको नयाँ निर्वाचनबाट कार्यभार सम्हालेका जनप्रतिनिधिहरूले आर्थिक वर्ष २०७९/८० देखि लागू हुनेगरी करारका कर्मचारीको करार नवीकरण नगरेका हुन् । करारका कर्मचारीको कारण पालिकालाई व्ययभार बढेको भन्दै कतिपय पालिकाले करार कर्मचारी कटौती थालेका छन् भने कतिपय पालिकाले कार्यरत करार कर्मचारीको योग्यतामाथि प्रश्नचिह्न उठाउँदै म्याद थप रोक्का गरेका छन्। बहाना जेसुकै भएपनि करार कर्मचारी हटाइनुको मुख्य कारण राजनीतिक प्रतिशोध हो। किनभने बितेको कार्यकालमा एउटा दलले जितेर कर्मचारी भर्ना गरेकोमा सोही पालिकामा आज अर्को दलले जितेको छ । हिजोकाले जागीर दिएको व्यक्ति हिजोकै पक्षधर हुन सक्छ भन्ने आशङ्काको कारण आजकाहरूले जागीरबाट हटाइदिएका हुन् । अर्काको कार्यकर्तालाई आफ्नो कार्यकालमा किन खान दिने ? भन्ने सोच आजका जनप्रतिनिधिहरूको हो । पालिकाले करार नवीकरण नगर्दा धेरै पालिकामा कर्मचारी–जनप्रतिनिधिबीच द्वन्द्व सिर्जना भएको छ । कतिपय पालिकामा कर्मचारीको मुद्दाले दलीय मुठभेडको सुरुआत गरेको छ ।**

**करारका कर्मचारी कटौती गर्ने सवालमा मुलुकका कुनै पनि राजनीतिक दलमा स्पष्टता छैन । उनीहरू जसरी हुन्छ, पालिकालाई राजनीतिक अखडा बनाउन चाहिरहेका छन् । अन्य दल समर्थक कर्मचारी विस्थापित गरी आफ्नो कार्यकर्ता भर्ना गर्ने मुख्य ध्येय देखिन्छ । कुनै पनि जिल्लाका सबै पालिकामा एकै दलको जीत दुर्लभ छ । एउटै जिल्लाभित्र अधिकांश अघिल्लोपटक जितेका पालिकामा यसपटक जुन दल हारेको छ, सोही दलले अघिल्लोपटक हारेको पालिकामा यसपटक जितेको पनि छ। एउटै दल हो, तर उसले यसपटक जितेको ठाउँमा करार कर्मचारी हटाइरहेको छ भने अर्काले जितेको स्थानमा वा अरूले करार कर्मचारी हटाउँदा 'खबरदार, हटाउन पाइँदैन' भन्दै विरोध जनाइरहेका छन्। पहाडी क्षेत्रमा करारका कर्मचारीको विषयलाई लिएर भएको झडपमा गोलीसमेत चल्यो। जिम्मेवार राजनीतिक दलहरूको यो द्वैध चरित्र पर्सा, रौतहटलगायत मधेसका जिल्लाहरूमा पनि सल्किएको छ ।**

**कार्यसम्पादनको आधारमा स्थानीय तहले करारका कर्मचारी हटाउन सक्छ । तर त्यसको निष्पक्ष मूल्याङ्कन पालिकावासीको हितमा हुनुपर्छ । स्थानीय तह नागरिकसँग प्रत्यक्ष जोडिएको सरकार हो। उसले रोजगार बढाउनुपर्नेमा खोस्ने काम गर्नुहुन्न। मतदाता सधैं एउटै दलमा रहन्छ भन्ने छैन। योग्यता र क्षमतालाई पर सारेर आस्थाको आधारमा पालिका भराउ कार्यले पालिकालाई दीर्घकालीनरूपमा क्षति पुऱ्याउँछ। करार सेवाबाटै आफ्नो ठाउँको सेवा गर्ने उद्देश्यका साथ कार्यरत कैंयनको अन्यत्र रोजगार गर्न पनि उमेर हद पार गरिसकेको हुन्छ। यसरी रोजीरोटी खोसिंदा कैंयनको घरपरिवार बिचल्लीमा पर्छ । पालिकाका पदाधिकारी परिवर्तनसँगै कर्मचारी परिवर्तन गरिने हो भने पालिकामा अनुभवी कर्मचारीको अभाव हुन्छ । जतिसुकै तीक्ष्ण व्यक्ति भएपनि उसले सम्हाल्ने कार्यक्षेत्रको राम्रो अनुभव पाउन कम्तीमा पाँच वर्ष लाग्छ । फौजी वा प्रशासन सेवामा पाँच वर्षलाई परिपक्वता प्राप्त गर्ने अवधि मानिन्छ। परिपक्वताले नै दक्षता वृद्धि हुने र गुणस्तरीय सेवा प्रदान गर्न सकिने हो । हाल देखिएको प्रवृत्तिले पालिकालाई सधैं अपरिपक्व कर्मचारीहरूको [redacted]**

# सबैथोक आवश्यकताले नै विकास र विनाशको कडीमा जोडिन्छ

स्वतन्त्र विचार




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**यतिबेला मानव समाजभित्र देखिएका विभिन्न विकराल समस्याहरू जसलाई दलाल पूँजीवादले संरक्षण तथा बढावा दिने काम गरिरहेको छ ती कुराहरूको निकास वैज्ञानिक समाजवादी क्रान्तिबाहेक अर्को कुनै बाटोबाट सम्भव नै छैन ।**

हामी सबैले सुनेकै कुरा हो– आवश्यकता नै आविष्कारको जननी हो। अर्थात् यस ब्रह्माण्डमा कुनै पनि कुरो अनावश्यक छैन अथवा हुन सक्दैन। हाम्रो स्वार्थसँग नमिल्ने थुप्रै कुरा हुन सक्छन् वा छन् जो हामीलाई अनावश्यक लागिरहेका छन् तर वास्तवमा ती चीजहरूको अस्तित्व अनावश्यक हुँदैनन्। यस सन्दर्भमा अझै स्पष्टसँग यसलाई हामी यसरी पनि भन्न सक्छौं कि ब्रह्माण्डको उपस्थिति वा अस्तित्व हाम्रो स्वार्थलाई मध्यनजर गरेर भएका होइनन् बरु ब्रह्माण्डको आवश्यकता अनुसार हाम्रो विकास भएको हो ।

यस पृथ्वीमा हजारौं लाखौं प्रजातिका जीवहरू छन्। यी जीवहरूमध्ये सबैभन्दा कम जनसङ्ख्या भएको प्राणी मानिस हो। कुनै पनि प्राणीलाई पृथ्वीमा बाँच्नको लागि आफ्नो श्रम बेच्नुपर्ने अवस्था छैन। सबै प्राणी मजाले खाइरहेका छन्, रमाइरहेका छन् विना कुनै श्रम बेचेर। मानिसलाई यो धरतीमा सबैभन्दा बुद्धिमान, विकसित र सभ्य प्राणी भनिन्छ। जबकि यही मानिस दुई छाक खानाको लागि आफ्नो श्रम बेच्न देश दुनियाँ भौतारिनुपरिरहेको छ । यति गर्दागर्दै पनि प्रत्येक दिन करोडौं मानिस पृथ्वीमा एक छाक मात्रै खान पाएका छन्। एक छाक भोकै सुत्नुपर्ने बाध्यता रहेको छ। पृथ्वीका अन्य जीवहरू जसको जीवन यतिबेला सङ्कटमा छ, त्यो पनि यही विकसित मानिसहरूको अप्राकृतिक व्यवहारले गर्दा हो। संसारका सबैभन्दा बुद्धिमान मानिस प्रजातिको मानव केन्द्रित सोचले गर्दा कुनै खास जीव मात्र होइन बरु पृथ्वीकै समेत भविष्य अँध्यारो हुँदै गएको छ । प्राकृतिक पर्यावरण जुन तहमा आज प्रदूषणको शिकार भएको छ, त्यसको मुख्य कारण यही बुद्धिमान् र सभ्य भनिएको मानिसको निकृष्ट सोचले गर्दा नै हो। यस्तोमा प्रश्न उठ्छ, किन मानिस जुन हाँगामा उभेको छ, त्यही हाँगालाई बन्चरोले काट्दै छ ? आखिर मानिसभित्रको मानवता किन मरेको छ ? किन उसको सिद्धान्त र व्यवहारमा एकरूपता छैन ? भन्ने बेलामा ऊ विश्व बन्धुत्वको कुरा गर्छ, स्वतन्त्रता र समानताको कुरा गर्छ तर मठीभरि मानिसले सम्पूर्ण मानिसलाई आफ्नो गुलाम बनाउन चाहन्छन् । आज अमेरिकाको विदेश नीतिको मुख्य तात्पर्य सम्पूर्ण मानवमाथि अमेरिकी हुकुमत कायम गर्नु हो कि होइन ? किन अमेरिकाले एमसिसी जस्ता परियोजनामा संसारका उत्पीडित राष्ट्रहरूलाई फसाएर आफ्नो सैनिक मतलब पूरा गर्न खोज्छ ? इराक, इजरायल, इरान, प्यालेस्टाइन, अफगानिस्तानलगायतका देशमा अमेरिकी सेनाको नाँगो नाच नै स्वतन्त्रता र समानता हो ?

भौतिकशास्त्रको नियम अनुसार यो संसारको प्रत्येक वस्तु त्यो चाहे सजीव होस् अथवा निर्जीव सबै नै गतिशील छन्। प्रत्येक वस्तुको बनावट नै उसभित्रको विपरीत तत्त्वको समिश्रणले हो। विपरीत तत्त्वहरू जहाँ हुन्छन्, त्यहाँ उनीहरू एकअर्कोसँग सङ्घर्ष गरिरहन्छन्। सङ्घर्षले वस्तुभित्र मात्रात्मक परिवर्तन नदेखिने गरी गरिरहेको हुन्छ र यही मात्रा अब एउटा निश्चित बिन्दुमा पुग्छ, त्यति बेला त्यो वस्तुको गुणमा परिवर्तन भइहाल्छ। यस प्रकार पहिलेको वस्तुको रूप, रङ्ग, आकार, प्रकार र गुण फेरिन्छ, जसलाई हामी सोझो अर्थमा पहिलेको वस्तु समाप्त भएको घोषणा गर्छौं। यो संसारमा कुनै पनि कुरा निषेध (समाप्त वा रूपान्तरण) हुँदा त्यो हावामा बिलाएर जाँदैन बरु त्यसको रूपान्तरण मात्रै भएको हुन्छ। यसलाई हामी यसरी सूत्रबद्ध पनि गर्न सक्छौं–

१) प्रत्येक वस्तुभित्र अन्तरविरोध हुन्छ।

२) अन्तरविरोधहरूको निरन्तरको आन्तरिक सङ्घर्ष एकता सङ्घर्षले गर्दा वस्तुमा मात्राबाट गुणमा परिवर्तन हुने प्रक्रिया चलिरन्छ।

३) 'निषेधको निषेध' अर्थात् गुणात्मक परिवर्तनबाट जुन पहिले वस्तु समाप्त भएर नयाँ वस्तु अस्तित्वमा आएको छ, त्यसभित्र निरन्तरको अन्तरविरोधले गर्दा मात्रात्मकबाट गुणात्मक परिवर्तन भई पुनः त्यसको पनि निषेध भइहाल्छ। यो प्रक्रिया निरन्तर चलिरहेको छ । भौतिकशास्त्रको यही नियमको कारणले कुनै समय हाम्रो ब्रह्माण्डको विकास भएको हो। विकासकै क्रममा हाम्रो सूर्य पनि विकसित भएको हो र सूर्यबाट घटनाक्रमले आठवटा ग्रह, दर्जनौं उपग्रह, सेटेलाइटलगायतको विकास हुन पुगेको हो। यसरी समयक्रममा पृथ्वीमा जीवनको समेत विकास भएको र एउटा खगोलीय दुर्घटनामा परी डाइनासोरसको समय समाप्त भई स्तनधारीहरूको विकासले तीव्रता पाएको हो।

यही स्तनधारीको विकासको तीव्रतामा मानिस भन्ने प्रजातिसमेत विकसित भयो, जसले आफूलाई यो संसारमाथि राज गर्न आएको ठान्यो । यिनै मानिसहरूले भगवान् जस्ता काल्पनिक शक्तिको कल्पना गरी व्यक्तिगत फाइदाको लागि एउटा खास समयको विचारलाई अघुलनीय बनाएर धर्मको रूपमा प्रस्तुत गऱ्यो। यही धर्मले मानिसलाई मानवताबाट विचलित गरी सीमित मानिसको सेवामा सम्पूर्ण संसारलाई लगाउने काम गऱ्यो । काल्पनिक स्वर्ग, नर्क जस्ता मनगडन्त अवस्थाको व्याख्या गरेर राज्यको बराबर दमन सहन बाध्य पाऱ्यो। हजारौं वर्षको यस त्रासदिपूर्ण यात्रामा अनेकौं भाष्यहरू जो मानवताविरोधी थिए, ती निर्माण गरिए र लामो समयको अभ्यासपछि ती सम्पूर्ण मानवताविरोधी भाष्यहरू, व्यवहारहरू, रीतिरिवाजहरू, आर्थिक तथा सामाजिक र राजनीतिक क्रियाकलापहरू आदि इत्यादि सबैलाई मौलिक संस्कृतिको रूपमा व्याख्या गर्न थालियो । यस प्रकारको अमानवीय व्याख्या तथा संस्कारहरूलाई धर्मसँग जोडेर बदल्नै नसक्ने भनी तयार पारियो। यस्तोमा जुन व्यवहारहरू बराबर दमन तथा पाशविक यातनाद्वारा स्थापित गरिएको थियो, ती सबै कुरा जो मूलतः मानवताविरोधी थियो, ती सबैलाई आदर्शको रूपमा प्रस्तुत गरियो । यसैक्रममा भाग्य, कर्म, पूर्वजन्म, पुनर्जन्म जस्ता थुप्रै काल्पनिक कुराहरूको विकास पितृसत्ता कायम गर्नलाई षड्यन्त्रमूलक ढङ्गले गरियो। हाम्रो समाजमा यतिबेला विवाह निकै ठूलो उत्सवको रूपमा मनाइन्छ। खुशीको माहोल यस्तो हुन्छ कि विवाहमा पटाका मात्रै पडकाइँदैन, बरु बन्दुकसमेत हवाई फायर गरिन्छ। बेहुला र बेहुली दुवै पक्षमा खुशियाली स्पष्ट देखिन्छ। तर हामी एकैछिन सोचौं। विवाहको सुरुआत कसरी भएको होला ? मानिसको विकास बाँदरबाट भएको हामी सबैलाई थाहा छ । मानिसले लामो सयमसम्म जङ्गली जीवन बिताएको पनि थाहा छ। के त्यति बेला जन्ती गएर विवाह सम्भव थियो ? जङ्गली युगमा मानिसबीचमा यौन सम्बन्ध प्राकृतिकरूपमा थियो। महिलालाई मात्रै थाहा हुन्थ्यो, उसको बच्चा कुन हो तर बच्चाको बाउको को हो, यो कसैलाई थाहा हुन्थेन र जरुरी पनि थिएन। त्यति बेला बलियो नरले नारीहरूसँग यौन सम्बन्ध राख्ने कुरो सामान्य थियो। पछि बिस्तारै मानव समाज दास युगमा प्रवेश गरेपछि दास मालिकहरूले निजी श्रीमती बनाउन खोज्दा समाजभित्र निकै चुनौतीहरू थिए । महिलाहरूले यसलाई सजिलै स्वीकार्ने अवस्था थिएन। त्यति बेला महिलाहरूलाई महीनौं, वर्षौं बाँधेर राख्ने, शारीरिक यातना दिएर पनि निजी श्रीमती बनाउन नसकेपछि महिला भोग्नको लागि जन्मेको हो, तिम्रो कर्ममा नै यही पुरुष लेखेको हो, तिम्रो जोडी ईश्वरले यसैसँग बनाएर पठाएको हो जस्ता भाग्यवाद, पुनर्जन्म र पूर्वजन्म र सातजन्मको कल्पनाहरूलाई जबरजस्ती महिलाहरूमाथि थोपरिएको हो। यस्तो नथोपोरेको भए निजी सम्पत्ति, निजी परिवार जस्ता कुराको उत्पत्ति नै हुने थिएन। समाजको आर्थिक अवस्था सामूहिकता र प्रकृतिप्रदतबाट हटेर निजी तथा मानवप्रदत्ततर्फ बढ्ने आवश्यकताले गर्दा नै राज्यधर्म निजित्व आदिको आवश्यकता भएको हो ।

प्रकृतिमा कुनै पनि कुरा अकारण हुँदैन । मानिसहरूले आफ्नो हितलाई सर्वोपरी राखेर सोच्दा उसको हितविरुद्ध थुप्रै कुरा देखिन्छन् तर वास्तवमा ती कुराहरू कुनै पनि अर्थमा प्राकृतिक हिसाबले नराम्रो वा नकारात्मक हुँदैन। त्यसैले प्रकृतिमा प्रत्येक ध्वन्सभित्र सुन्दर निर्माण लुकेको हुन्छ । आज हामी यति सुन्दर पृथ्वी, हेरुँहेरुँ लाग्ने आकाश तथा अनन्त ब्रह्माण्ड हेरिरहेका छौं । वास्तवमा ती सबै कुरा एक दिन यस्तो थियो जतिबेला अस्तित्वमा थिएन । एउटा महाप्रलय अर्थात् बिगबैंग (महाविस्फोट) भएपछि नै यी सबै कुरा क्रमशः ध्वन्सकै प्रक्रिया अगाडि बढ्दै गएपछि निर्माण हुन पुगेको हो । चार अर्ब वर्ष पहिले सूर्यसँग लामपुच्छ्रे ताराको टक्कर नभएको भए पृथ्वीलगायत आठवटा ग्रह सैकडौं उपग्रह तथा हजारौं स्ट्रायडको निर्माण नै हुने थिएन ।

त्यसैगरी, दुई करोड वर्ष पहिले आकाशीय पिण्डले पृथ्वीलाई मेक्सिकोमा जोरसँग नठोकेको भए त्यति बेलाको डाइनोसोरको अन्त पनि हुन्थेन र आजको विकसित आधुनिक मानवको विकास पनि हुन्थेन । जङ्गलमा नेअर्थडल समूहको बाँदरबाट विकसित भएको मानिस विकासका विभिन्न चरणहरू पार गरेर यहाँसम्म आइपुग्दा जङ्गली युग, दास युग, सामन्ती युग, पूँजीवादी युगको विकास पनि एक अर्काको चिहानमाथि नै भएको हो । वर्तमान अवस्थामा रहेको दलाल पूँजीवादको पनि अन्त गर्ने वैज्ञानिक समाजवादको गुण जन्मिसकेको छ र ढिलो चाँडो पूँजीवादको चिहान माथि सङ्क्रमणकालीन व्यवस्था समाजवाद हुँदै मानव समाजलाई साम्यवादमा विकास गर्न कुनै पनि ताकतले रोक्न सक्दैन । सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक क्रान्ति भनेको मानव विकास क्रमको ऐतिहासिकता हो। पार्टी र सङ्गठन भन्ने कुरो परिवर्तनको गति बढाउने मात्रै हो । जसरी हामी द्रुतगतिको सवारीसाधनबाट अपेक्षाकृत ढिलो गतिको साधनभन्दा छिठो लक्षित गन्तव्यमा पुग्न सकिन्छ । यतिबेला मानव समाजभित्र देखिएका विभिन्न विकराल समस्याहरू जसलाई दलाल पूँजीवादले संरक्षण तथा बढावा दिने काम गरिरहेको छ ती कुराहरूको निकास वैज्ञानिक समाजवादी क्रान्तिबाहेक अर्को कुनै बाटोबाट सम्भव नै छैन। आधुनिक मानवबीच भइरहेको आन्विक हतियारको होड (अस्वस्थ्य प्रतिस्पर्धा), पर्यावरणको विनाश, मानव समाजमा जडा गाडेर बसेको महिला, दलित, मुस्लिम, मधेसी, थारूलगायतका सीमान्तकृत तथा उत्पीडितहरूको मुक्ति कुनै पनि अर्थमा दलाल, पूँजीवादसँग सम्भव नै समाजवाद नै हो, जसले मानव समाजलाई साम्यवादमा पुऱ्याएर मानिसको अन्तर्राष्ट्रिय जाति निर्माण गर्ने छ। मान्छेद्वारा उत्पन्न सम्पूर्ण शोषण, दमन र विभेदको खाडललाई पुरेर समानताको व्यवहार प्रदर्शन गर्नेछ ।

# बजेटमा छुट भएपछि गाडी उत्पादन गर्ने उद्योग थपिंदै


–रमेश लम्साल/ समुन्द्रा घिमिरे


काठमाडौं, ६ साउन/रासस

सरकारले चालू आर्थिक वर्षको बजेटमा दिएको छुट तथा विशेष व्यवस्थाका कारण स्वदेशमा नै 'एसेम्बलिङ' उद्योग स्थापना हुन थालेका छन्। सरकारले बजेटमा नै त्यस्ता उद्योग सञ्चालन गर्नेलाई भन्सार तथा अन्तःशुल्कमा छुट दिएको छ। पछिल्लो समय ठूला व्यावसायिक घरानाको ध्यान एसेम्बलिङ उद्योगमा बढेको छ ।

गत आर्थिक वर्षको बजेटमार्फत सरकारले नेपालमा नै 'एसेम्बलिङ' उद्योग सञ्चालन गर्ने उद्योगलाई आवश्यक पर्ने 'पार्ट्स' तथा आवश्यक उपकरण आयातमा भन्सार तथा अन्तःशुल्कमा छुटको घोषणा गरेको थियो। बजेटमार्फत नै छुट पाउने भएपछि पछिल्लो समय उद्योग विभागमा सवारी एसेम्बलिङ गर्ने उद्योग दर्ता बढेको हो । पूर्व अर्थमन्त्री जनार्दन शर्माले गत जेठ १५ गते सार्वजनिक गरेको चालू आवको बजेटमा भएको विशेष व्यवस्थाका कारण सिमेन्ट र रडको समेत निर्यात हुन थालेको छ।

उद्योग विभागको तथ्याङ्क अनुसार पछिल्लो समय 'एसेम्बलिङ' गर्ने उद्योगको सङ्ख्यामा वृद्धि हुन थालेको हो। तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०७८–७९ मा दुई पाङ्ग्रेदेखि चारपाङ्ग्रे सवारी उत्पादन गर्ने छवटा उद्योग दर्ता भएका छन्। यस अघि पनि उद्योग दर्ता गर्नेको सङ्ख्या वृद्धि हुने गरे तापनि उद्योग दर्तामैं सीमित भएका थिए ।

हाल नेपालमा दुई कम्पनीले मात्र दुईपाङ्ग्रे सवारी साधन उत्पादन गरेर बिक्री वितरण गर्दै आएका छन् । तथ्याङ्कमा धेरै उद्योग दर्ता भए तापनि हाल नेपालमा गोल्छा समूहको बजाज र शङ्कर समूहको टिभिएसले मात्र मोटरसाइकल उत्पादन गरिरहेका छन्। गत आव २०७८–७९ मा विभागमा सवारी एसेम्बलिङका लागि सुजुकीका कार तथा मोटरसाइकल र तीनपाङ्ग्रे सवारी बनाउन सिजी अटोमोटिभ इन्डस्ट्रिज प्रालि, यमाहाको मोटरसाइकल तथा स्कुटर एसेम्बल गर्न एमएडब्लु अटो प्रालि, विद्युतीय स्कूटर एसेम्बल गर्न इ–

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष ३५ | २०७९ साउन ०७ गते शनिवार | 2022 July 23 Saturday



## "जिन्दगीदेखि जिन्दगीसम्म" निबन्ध सङ्ग्रहमा देवराज खरेल


स्वान्त सुखायः




सञ्जय मित्र

mitrasanjay41@gmail.com


देवराज खरेल वर्तमान मकवानपुरे साहित्यका एक यस्ता व्यक्तित्व हुन्, जो आफैंमा एक संस्था हुन्। मैले देख्दादेख्दै मातृभूमि साहित्य समाजको स्थापना र मातृभूमि पत्रिकाको प्रकाशन गरेका हुन्। ज्ञातव्य छ, मकवानपुरे साहित्यमा मातृभूमिद्वयले विशिष्ट योगदान दिएका छन् । प्रतिभा उत्पादन, प्रतिभालाई प्रोत्साहन, पुरस्कार प्रदान तथा सभ्य र भव्य कार्यक्रममार्फत मातृभूमिले साहित्येतिहासमा एक नवीन गोरेटो निर्माण गरिसकेको छ । समय साक्षी छ– मातृभूमिका पर्याय हुन्, खरेल ।

साहित्यका विविध क्षेत्रमा काम गर्दै खरेलले आफ्नो साहित्यिक यात्रामा चार कृतिलाई जन्म दिएका छन् । पहिलो कृति आत्मध्वनि (कविता सङ्ग्रह, २०६५), दोस्रो कृति स्मृतिका टिपोट (निबन्ध सङ्ग्रह, २०६८), तेस्रो कृति (प्रेमका पाइलाहरू, २०७०) र चौथो कृति जिन्दगीदेखि जिन्दगीसम्म (निबन्ध सङ्ग्रह, २०७८) हुन् । प्रकाशित कृतिहरूको विधागत पहिचानलाई हेर्दा 'जिन्दगीदेखि जिन्दगीसम्म' दोस्रो निबन्ध सङ्ग्रह हो र यसबाट निबन्धकारको रूपमा सर्जक खरेलले आफूलाई चिनाउन खोजेको सङ्केत पाउन सकिन्छ ।




निबन्धकार खरेलका अन्य कृतिहरूको अध्ययन गर्न पाएको छुइनँ । उनको मेरो हात परेको छ । यस निबन्धलाई पढिसकेपछि यस्तो भन्न सकिन्छ– देवराज खरेलले मुटुबाट पसिना बगाइ यस सङ्ग्रहमा आफूलाई पोख्ने काम गरेका छन् ।

हृदयस्पर्शी भावले पाठकलाई संवेदित बनाउने क्षमता खरेलमा रहेको छ । खरेलले निबन्धमा आफूलाई पूर्णतया पोख्न सक्छन्, आफ्नै भावमा बग्न सक्छन् र भावनाको भेलमा पाठकलाई पनि बगाउन सक्छन् । सरल भाषाशैलीमा गम्भीर तर्क र सम्पुष्ट तथ्य दिन सक्ने सामर्थ्य भएका निबन्धकारको रूपमा खरेललाई 'जिन्दगीदेखि जिन्दगीसम्म'ले प्रमाणित गर्दछ ।

सङ्ग्रहको पहिलो रचना हो, **'चेतनाको खेती'** । मान्छेलाई चेतनाको विम्ब देख्ने निबन्धकार खरेल मनलाई चेतनाको राजधानी बताउँछन् । चेतनाले नै मानिसलाई मानिस बनाएको र चेतनाले गर्दा नै मानिसले अन्य जीवभन्दा आफूलाई पृथक साबित गर्न सकेको स्पष्ट पार्दछन् । चेतनाकै कारण मानिसले विज्ञान जन्माएको र निरन्तर अनेक चमत्कार गर्दै गएको बताएका निबन्धकारले चेतनाको खेतीलाई सर्वोत्तम खेती मानेका छन् ।

**'म'** यस सङ्ग्रहको दोस्रो रचना हो । म अर्थात् अहम् । यही अहम्ले घमण्डको रूप धारण गर्दा महाभारतसम्म भएको छ । म यदि स्वार्थी बन्न पुग्दछ भने जताततै नोक्सानी बेहोर्नुपर्ने र कहिलेकाहीं एक म स्वार्थी हुँदा धेरैले नोक्सानी बेहोर्नुपर्ने हुन्छ । विभिन्न युद्ध, महायुद्धमा म कारक भएको देखाउँदै निबन्धकार आफू र अरू सबै तथा वातावरणसमेतलाई सुन्दर बनाउन म तल्लीन हुनुपर्ने दृष्टिकोण अगाडि सार्दछन् ।

एकपटक खूब चलेको थियो, नयाँ नेपाल । निबन्धकार खरेलले पनि नयाँ नेपालको परिकल्पना गरेका छन् । सुन्दर, सुसंस्कृत, सभ्य, विकसित, आत्मनिर्भर र असल नेपालको चाहना सबैको हो । यस्तै नयाँ नेपालको परिकल्पना गरिएको र निबन्धकारको विचारलाई प्रस्तुत गरिएको निबन्ध हो– नयाँ नेपालको परिकल्पना ।

सर्जकहरूको सम्मान गरिएको निबन्ध हो, **'समय, स्रष्टा र सिर्जना'** । मुख्यगरी मकवानपुरलाई माया गर्ने साहित्यकारहरूलाई यस निबन्धमा सम्झना र सम्मान गरिएको छ । मकवानपुरे साहित्यको सेरोफेरोमा आउने साहित्यिक नामहरूलाई यसले सम्मान गरेको छ । यस रचनाले साहित्यकार खरेलको साहित्यकारहरूप्रतिको आत्मीयतालाई प्रदर्शन गरेको छ ।

**'आँसुको मूल्य'** भावनाप्रधान निबन्ध हो । निबन्ध सतहमा बगेको छ र भावलाई गहिराइमा लुकाएको छ । साँच्चिकै आँसुको मूल्य बुझ्न चाहनेले एकचोटि यो निबन्ध पढ्नैपर्ने देखिन्छ ।

हृदयलाई झक्झक्याउने गरी लेखिएको निबन्ध हो, **'अर्को जुनीमा'** । निबन्धकार खरेलको नैबन्धिक सिर्जनाको उत्कर्ष हो, यो निबन्ध । यस निबन्धमा खरेलले आफूलाई पोखेका छन् । धेरै कुरा खुलाएका छन् र धेरै कुरा नभनेरै भनेका छन् । वैयक्तिभाव र राष्ट्रभावको सुन्दर संयोजन भएको यो याथार्थिक सिर्जना हो । यद्यपि केही खल्लोपन नलाग्ने होइन तर पनि यस निबन्धका लागि लेखकलाई मेरो सलाम अर्पण गर्दछु म ।

राष्ट्रियताको भावले ओतप्रोत अर्को निबन्ध हो, **'नमस्ते नेपाल'** । नेपाल बनाउन र नेपाल बचाउन आफ्नो समय, मानसिकता, रगत र पसिना बगाउने सबैलाई सम्मान गर्दै जहाँ पनि र जहिले पनि नेपाललाई सलाम गर्न पाइयोस् भन्ने इच्छा यसमा प्रकटिएको छ । देशलाई कतैबाट दुख्न दिन नचाहने कल्पना यस निबन्धमा गरिएको छ ।

बालकदेखि वृद्धसम्म, ग्रामीणदेखि शहरीसम्म र पढेकादेखि नपढेकासम्म सबैको मनमा उठ्ने प्रश्न हो, **'सबैभन्दा ठूलो के ?'** यसै शीर्षकमा लेखिएको निबन्धमा आफ्नो रुचि, उमेर, पेशा तथा अवस्थाको आधारमा सबैले दिन सक्ने जवाफलाई विषयवस्तु बनाइएको छ तर निबन्धकारले सबैभन्दा ठूलो देशको झन्डालाई मानेका छन् । यसमा पनि राष्ट्रियतालाई निबन्धकारले महत्त्व दिएका छन् ।

निबन्ध सङ्ग्रहकै शीर्षक रहेको निबन्ध हो, **'जिन्दगीदेखि जिन्दगीसम्म'** । हरेक मानिसले आफ्नो जन्मदेखि मृत्यु नहुन्जेलसम्मको अवस्थाको वास्तविक मूल्याङ्कन गर्नुपर्ने निष्कर्ष यस निबन्धको रहेको छ । मानिसले आफ्नो क्षमता अनुसार नै आफ्नो मूल्याङ्कन गर्ने हुन्छ तर मानिसले आफ्नो मूल्याङ्कन निष्पक्ष भएर गर्नुपर्ने हुन्छ, अन्यथा आफ्नैबारेमा आफूले नै गरेको मूल्याङ्कन सही नहुन सक्छ ।

**'चेतनाको उपहार'** नियात्रा निबन्ध हो । निबन्धकारलाई विराटनगरमा सम्मान गर्नको लागि बोलाइँदाको फोनदेखि सम्मान कार्यक्रममा आफूलाई सम्मान गरिसकेपछि हिंड्दासम्मको अवस्थालाई रोचक किसिमले बयान गरेका छन् । सम्मानको खबर पाएपछि मनमा उब्जेका भावहरूलाई पनि समेटिएको छ । साँच्चै साहित्यमा लागेपछि चेतनाको कारोबार हुने रहेछ भन्ने कुरो यसबाट बुझ्न केही सजिलो हुन्छ ।


मकवानपुरको सेरोफेरोमा लेखिएको निबन्ध हो, **'आफ्नै अनुभूतिको सेरोफेरो'** । वास्तवमा यो मकवानपुरको महक हो । मकवानपुरको सुन्दर सुगन्ध यसमा सुँघ्न पाइन्छ । माटोको स्तुति हो यो र जहाँको हावामा सास लिइएको हो, त्यसप्रति तिरिएको ऋण हो । समर्पण हो यो निबन्ध ।

चिया पिउँदा मानिसहरू बढी स्वतन्त्र हुन्छन् । त्यहाँ अनेक किसिमका गफहरू चुटिन्छन् । कति त हावादारी हुन्छन् र कति चाहिं निकै गम्भीर हुन्छन् । गम्भीर प्रकृतिका गफहरूले आफूलाई प्रभावित पार्दछन् । सकारात्मक गफ गर्ने थलो पनि हुन सक्छ। चिया खाने ठाउँ । यस्तै गफको सकारात्मक गुजुल्टो हो, **'चिया**

(बाँकी पाँचौं पातामा)

## ग्रामीण क्षेत्र र नर्स सुभद्रा थापा


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


स्वास्थ्य उपचार सेवा शहर केन्द्रित थियो । सडक र यातायातको असुविधाको कारण आयआर्जनमा सीमित समुदाय स्वास्थ्य उपचारको लागि शहर जानु अपवादबाहेक सम्भव थिएन । त्यस कारण उपचारको आवश्यकतालाई स्थानीय जडीबुटी प्रयोग गरेर समाधान गर्ने प्रयत्न पुस्तौंदेखि हस्तान्तरण हुँदै आइरहेको थियो । यस्तो परिवेशमा प्राथमिक स्वास्थ्य उपचार सेवा गाउँमा पुग्नु अन्धकारमा मैनबत्तीको प्रकाश छाए जस्तै खुशीको क्षण थियो ।

वीरगंजको नारायणी अस्पताल स्थापना भएको वर्षौंपछि प्राथमिक स्वास्थ्य उपचार सेवा ग्रामीण क्षेत्रमा विस्तार हुने क्रममा थियो । पर्साका तत्कालीन पञ्चायतहरू क्रमशः पकहा, सतवरिया, निचुटालगायतका देहात क्षेत्रमा प्राथमिक स्वास्थ्य उपचार सेवाको थालनी भयो । भोजपुरी लोकोक्ति 'ना मामा से काना मामा निमन' अर्थात् 'मामा नै नहुनुभन्दा कानो मामा भएपनि राम्रो' भनेझैं त्यति बेला ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको प्रारम्भले समुदायमा खुशीको तरङ्ग प्रवाहित भयो ।

प्राथमिक उपचारसँगै अनमीको दरबन्दी र बहाली हुनु खासगरी महिलाहरूका लागि वरदान नै थियो । परम्परागत विधिमा निर्भर गर्भवती महिलाहरू नियमित चेकजाँच, आइरन चक्की तथा पौष्टिक आहारको फाइदाबारे अनभिज्ञ थिए । त्यस कारण गर्भवती महिलाहरूको ज्यान बढी जोखिममा थियो । यस्तो परिवेशमा नर्सले महिलाहरूसँग आफ्नो ज्ञान र सीप साझा गर्नु निकै चुनौतीपूर्ण थियो । विसं २०३५ मा निचुटा स्वास्थ्य चौकीमा अस्थायी र त्यसपछि स्थायी नियुक्ति पाई विविध स्वास्थ्य चौकीहरूमा गरी तीन दशकभन्दा बढी नर्सिङ सेवा प्रदान गरेकी उहिलेकी युवती अहिले सेवानिवृत्त भइसकेकी छन् ।

आजको यस आलेखमा ६५ वर्षीया सेवानिवृत्त नर्स सुभद्रा थापासँग भएको कुराकानीको संक्षिप्त अंश प्रस्तुत छ–

### सुभद्रा थापा (सेवानिवृत्त नर्स)

म बारा जिल्लाको सदरमुकाम कलैया निवासी स्वर्गीयद्वय पोखनाथ थापा र भीमदेवी थापाका दोस्रो सन्तान हुँ । कलैयाको कन्या माध्यमिक विद्यालयमा कक्षा आठको परीक्षा दिएर परीक्षाफलको प्रतीक्षामा थिएँ । स्वास्थ्य सेवामा प्रवेश गर्नेबारे पूर्वयोजना थिएन । विराटनगरका आफन्तले आमासँग छोरीलाई अनमी पढाउनेबारे सल्लाह दिएछन् । स्वास्थ्य सेवासँग सम्बन्धित शिक्षा हासिल गरेपछि छोरीको भविष्य उज्ज्वल हुने कुरा आफन्तले आमासँग भनेका थिए । कक्षा आठको परीक्षाफल प्रकाशित भएपछि आमाले विराटनगर जान उत्प्रेरित गर्नुभयो । म विराटनगर हानिएँ । फाराम भर्नेदेखि सबै प्रक्रिया पूरा गरें । मेरो पनि नाम प्रकाशित भयो । त्यति बेला अनमी दुई वर्षे कोर्ष थियो ।

### अनमीको अध्ययन र नियुक्ति

विसं २०३२ मा अनमीमा भर्ना भएँ । १२५ रुपियाँ छात्रवृत्ति पाइन्थ्यो । किताब, कापी र खाना आदिमा खर्च गरेर १०–१२ रुपियाँ बचत पनि भइहाल्थ्यो । घरपरिवारको ममत्वबाट टाढा बस्नु चुनौतीपूर्ण भए तापनि लक्ष्य प्राप्त गर्नु उत्तिकै महत्त्वपूर्ण थियो । बिस्तारै नयाँ परिवेशसँगै शिक्षकशिक्षिका तथा साथीहरूसँग घुलमिल हुन थालें । विभिन्न स्थानका हामी साथीहरू एकथलोमा अध्ययनरत थियौं । हाँस्दै, खेल्दै र पढ्दै दुई वर्ष बितेको पत्तै भएन ।

अनमीको अन्तिम परीक्षा दिएर म विराटनगरबाट कलैया फर्किएँ । आजको जस्तो उहिले परीक्षाफलको जानकारी पाउनु सहज थिएन । परीक्षाफल कहिले प्रकाशित भयो ? उत्तीर्ण भएँ कि भइनँ ? आदि परीक्षाफल प्रकाशित भए लगत्तै जानकारी पाउने कुनै संसाधन थिएन । महीनौंपछि हुलाकद्वारा चिठी आएपछि थाहा पाइन्थ्यो ।

चिठी प्राप्त गरेको त्यो सुखद क्षण आज पनि मस्तिष्कमा ताजा छ । अन्य दिन जस्तै त्यस दिन पनि घरको


सुभद्रा थापा (सेवानिवृत्त नर्स)

कामकाजमा व्यस्त थिएँ । दिउँसोको समय हुलाकमार्फत चिठी प्राप्त भयो । चिठी नर्सिङ क्याम्पसबाट आएको रहेछ । घरका सबैजना एकै ठाउँमा थियौं । भित्रको कागज नच्यातियोस् भन्दै खाम सावधानीपूर्वक खोलें । खामभित्र परीक्षाफलबाहेक अरू कुनै कागज होला भन्ने पटक्कै लागेको थिएन । उत्तीर्ण छु कि अनुत्तीर्ण भन्ने कौतूहलता बढ्यो । पत्र हेरेपछि हामी सबैजना दङ्ग पर्‍यौं । किनभने परिणामको जानकारीसँगै अस्थायी नियुक्तिपत्र पनि संलग्न थियो । हामी सबैको मुहारमा खुशी छायो । परिवारिक माहोल उत्सवमय भयो । यसरी अनमीको पढाइसँगै नियुक्ति पाएँ ।

### निचुटाको यात्रा

स्वास्थ्य चौकीमा अस्थायी नियुक्तिपत्र पाएर बहाल भएँ । त्यस बेला पहिलोपटक निचुटा गाउँको नाम सुनेकी थिएँ । कलैयाबाट निचुटा कति टाढा छ ? कताबाट जानुपर्छ ? आदि जानकारी छरछिमेकीबाट थाहा पाइयो । निचुटा प्रस्थान गर्नुभन्दा एक दिनअघि टाँगा रिजर्भ गरियो । भोलिपल्ट बिहान लत्ताकपडा र भाँडाकुँडासहित म र दाइ टाँगामा सवार भई कलैयादेखि निचुटाको यात्रा प्रारम्भ भयो । कच्ची र उबडखाबड बाटोमा यात्रा सहज थिएन । पर्साको अलौं चोकनजीक पुगेपछि टाँगाको एउटा पाङ्ग्रा भाँचियो । सडक र सवारीसाधनको सङ्कट रहेको त्यो समयमा टाँगाको पाङ्ग्रा भाँचिनु कम पीडादायक अवस्था थिएन । के गर्ने ? कसो गर्ने ? कसरी जाने ? आदि सोचेर चिन्ता बढ्यो । अन्ततः दाइले साइकलको प्रबन्ध गरे । अलौंबाट जसोतसो गरी निचुटा पुगियो ।

### सेवा नै धर्म

त्यति बेला निचुटा स्वास्थ्य चौकी खपडाको घरमा सञ्चालित थियो । मैले पाएको कार्यभार सम्भालें । सेवालाई परम धर्म अँगाल्दै जिम्मेवारीपूर्वक काम गर्न थालें । एक दिन दुई दिन गर्दै समय बित्न थाल्यो । महिलाहरूलाई उपचारका लागि अस्पतालमा ल्याउने चलन अपवादबाहेक थिएन । त्यति बेला गर्भवती महिलालाई बेथा लागेमा छरछिमेकका वृद्धाहरू र सुडेनी (स्थानीय भाषामा चमइन)को संलग्नतामा बच्चा जन्माउने चलन थियो । यसो हुनुमा परम्परागत बानी बस्नु र स्वास्थ्योपचार आदिको सुविधा नहुनु नै मूल कारण थियो ।

शुरूमा मैले महिलाहरूसँग भेटघाट गर्ने र उनीहरूको समस्या बुझ्ने कार्यको थालनी गरें । निचुटाबाट शुरू गरेको जनचेतनामूलक कार्य गर्ने क्रममा आसपासका गाउँहरू मनिहर्वा, माधोपुर, प्रसौनी, सुहपुर–सोहरी, देकुलीलगायतका थुप्रै गाउँमा पुगें । अस्थायी सेवा शुरू गरेको दुई/तीन वर्षपछि लोकसेवा उत्तीर्ण गरेर निचुटा स्वास्थ्य चौकीमैं स्थायी नियुक्ति पाएँ । त्यति बेला लोकसेवाको फाराम भर्नेदेखि लिएर परीक्षा र अन्तर्वार्ता आदि सबै प्रक्रिया नारायणी अस्पतालमा सञ्चालन हुन्थ्यो ।

मैले गर्भवती महिलाहरूको स्वास्थ्य अवस्थाबारे बुझ्न खोज्दा उनीहरू लजाउँथे । घरभित्र समेत घुम्टोमा बस्ने महिलाहरूलाई अपरिचित नर्ससँग मनको कुरा व्यक्त गर्न गाह्रो थियो । अर्को के समस्या थियो भने घरका वृद्धाहरूको अनुमति र उपस्थितिमा लाज र डरको मनोविज्ञानले पनि खुलेर समस्या राख्ने चलन थिएन । यद्यपि मैले गर्भावस्थामा के के गर्नुपर्छ र के के गर्नुहुँदैनलगायतका कुराहरू बताउँथें । पटक–पटकको भेटघाटले बिस्तारै महिलाहरूले मनको कुरा व्यक्त गर्न थाले । महिलाहरूको स्वास्थ्य समस्या आफूले हासिल गरेको ज्ञान र सीप अनुसार समाधान गर्ने गर्थें । बेलैमा जाँच गराउनुभन्दा समस्या आइपरेपछि दिदी–दिदी गुहार्दै अस्पतालमा आइपुग्थे । समस्या लिएर आउनेलाई कहिल्यै निराश गरिनँ । सक्दो सेवा प्रदान गरें । रातिको बेला पनि सेवा दिन जानुपर्थ्यो । बिस्तारै समाजमा स्वास्थ्यसम्बन्धी जनचेतना फैलिन थाल्यो ।

कहिल्यै खाना नपकाएकी म जागीर गरेपछि खाना पकाउन सिकें । शुरूका केही महीना खाना नडढेको कुनै पनि दिन थिएन । पछि अभ्यस्त हुँदै गएँ । बिहानको उज्यालोमा खाना पकाउनु सजिलो भएपनि रातिको समय दियोको

(बाँकी पाँचौं पातामा)

# द्रोण पर्व–८६


महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

ब्रह्मास्त्र प्रकट भएको देखेर युधिष्ठिरले पनि ब्रह्मास्त्र नै प्रकट गरेर त्यसलाई शान्त पारिदिए । अनि द्रोणाचार्यले धर्मराजलाई छाडेर क्रोधित भई वायव्यास्त्रले द्रुपद सेनाको संहार गर्न थाले। उनको भयले पाञ्चालदेशीय वीरहरू भाग्न थाले। यतिबेला नै अर्जुन र भीमसेन रथीहरूको ठूलो डफ्फा लिएर द्रोणाचार्यतिर आए । अर्जुनले दक्षिणातर्फबाट तथा भीमसेनले उत्तरतर्फबाट द्रोणको सेनालाई घेरामा हाले, अनि दुवै भाइ उनीमाथि बाण वर्षा गर्न थाले। अनि त त्यहाँ केकय, सृञ्जय, पाञ्चाल, मत्स्य र सात्वत वीर



पनि आइपुगे। अर्जुनले कौरव सेनाको संहार गर्न आरम्भ गरे। एक त निष्पट अँध्यारोको कारण केही पनि देखिइरहेको थिएन, अर्कोतिर सबैलाई निद्राले दिक्दार पारिरहेको थियो। त्यसैले तपाईंको वाहिनीको नराम्ररी विध्वंस हुन थाल्यो। त्यति बेला आचार्य द्रोण र तपाईंका पुत्रहरूले पाण्डव योद्धाहरूलाई रोक्न भरमग्दूर कोशिश गरे तर सफल हुन सकेनन्।

दुर्योधनले कर्णसित भने– मित्र, अब तपाईंले नै यस युद्धमा समस्त योद्धाहरूको रक्षा गर्नुहोस्। यिनीहरू केकय, पाञ्चाल, मत्स्य वीरहरूबाट नराम्ररी घेरामा परेका छन्। कर्णले भने– मित्र, धैर्य धारण गर्नुहोस्। म तपाईंसित साँचो प्रतिज्ञा गरिरहेको छु कि युद्धमा आज यदि इन्द्र पनि रक्षा गर्न आए भने म उनलाई पनि परास्त गरेर अर्जुनलाई मार्छु। म एक्लै पाण्डव र पाञ्चाल वीरहरूको नाश गर्नेछु। पाण्डवहरूमा सबैभन्दा बलवान् छन्, अर्जुन। अतः उनीमाथि नै इन्द्रले दिएको शक्तिको प्रहार गर्नेछु। उनी मारिएपछि बाँकी चारै भाइ तपाईंको अधीन हुनेछन् अथवा भागेर वनमा लुक्नेछन्। कुरुराज, म बाँचुञ्जेल तपाईं कत्ति पनि विषाद नगर्नुहोस्। यहाँ भेला भएका पाञ्चाल, केकय तथा वृष्णिवंशीसहित उनीहरूलाई आफ्नो बाणबाट परास्त गरेर यो सम्पूर्ण पृथ्वी तपाईंको अधीन गरिदिनेछु।

कर्णले यस्तो भनिरहँदा कृपाचार्यले हाँस्दै भने– बेस, बेस; कर्ण, तिमी बडो बहादुर छौ। यदि कुरा गर्दा मात्रले काम बन्ने भएको भए तिमीलाई पाएर कुरुराज सनाथ भइहाले। तिमी यिनीहरूसमक्ष ठूला–ठूला कुरा गरिरहेका छौ, तर कहिले तिम्रो पराक्रम नै देखा पऱ्यो, न कुनै फल नै पाइयो। सङ्ग्राममा पाण्डवहरूसित अनेकौंपटक मुठभेड भयो तर सर्वत्र तिम्रो हार नै भएको छ। कर्ण, सम्झना छ? दुर्योधनलाई समातेर गन्धर्वहरू लिएर गइरहेका थिए। त्यति बेला सम्पूर्ण सेनाले युद्ध गरिरहेको थियो। तिमी एक्लै थियौ, जो सबभन्दा पहिले भागेका थियौ। विराटनगरमा पनि सम्पूर्ण कौरव एकत्रित भएका थिए, त्यहाँ सम्पूर्ण कौरव सेनालाई अर्जुन एक्लैले हराएका थिए। तिमी पनि आफ्ना भाइहरूका साथ परास्त भएका थियौ। एक्लै अर्जुनको सामना गर्न त तिम्रो शक्ति छैन अनि श्रीकृष्णसहित सम्पूर्ण पाण्डव सेनालाई जित्ने साहस कसरी गर्न सकिरहेका छौ? भाइ, चुप लागेर युद्ध गर, बढता कुरा न गर। न बोलेर पराक्रम प्रदर्शन गर्नु नै सत्पुरुषहरूको व्रत हो। जबसम्म अर्जुनका बाण तिमीमाथि ओइरिरहेका छैनन्, तबसम्म मात्र गर्जना गरिरहेका छौ, उनको बाणबाट घाइते भएपछि मात्र चेत्नेछौ। क्षत्रियहरू बाहुबलमा शूरो हुन्छन्, ब्राह्मण वाणीमा शूरो हुन्छन्, अर्जुन धनु–बाण हान्नमा शूरा छन् तर कर्ण त मनको लड्डू घ्यूसित खानमैं शूरा छन्। जसले आफ्नो पराक्रमबाट भगवान् शङ्करलाई प्रसन्न पारेको छ, ती अर्जुनलाई कसले पो मार्न सक्दछ?

कृपाचार्यको कुरा सुनेर कर्णले रुष्ट भएर भने– वर्षाकालको मेघको समान शूरवीर सदैव गर्जना गरिरहन्छन् र पृथ्वीमा छरिएको बीउझैं शीघ्र फल पनि दिन्छन्। बाहुनबाजे, यदि मैले गर्जना गरें त तपाईंको के बिग्रियो? हेर्नुहोला मेरो गर्जनाको फल, मैले कृष्ण र सात्यकिको साथ सम्पूर्ण पाण्डवको वध गरेर पृथ्वीको अकण्टक राज्य दुर्योधनलाई सुम्पिनेछु।

कृपाचार्यले भने– सूतपुत्र, मलाई तिम्रो यो प्रलापमा अलिकति पनि विश्वास छैन। तिमी त श्रीकृष्ण, अर्जुन र धर्मराजलाई सधैं गाली गरिरहन्छौ तर विजय त्यसै पक्षको निश्चित छ, जहाँ युद्ध कुशल श्रीकृष्ण र अर्जुन छन्। यदि देउता, गन्धर्व, यक्ष, मानिस, सर्प, राक्षस पनि कवच धारण गरेर युद्ध गर्न आए भने पनि ती दुवैलाई जित्न सक्दैनन्। धर्मपुत्र युधिष्ठिर ब्राह्मणभक्त, सत्यवादी, जितेन्द्रिय, गुरु र देउताको सम्मान गर्ने, सदैव धर्मपरायण, अस्त्रविद्यामा विशेष कुशल, धैर्यवान् र कृतज्ञ छन्। उनका भाइहरू पनि बलवान् र अस्त्रविद्यामा पारङ्गत छन्। ती सबै बुद्धिमान्, धर्मात्मा र यशस्वी तथा उनका सम्बन्धी पनि इन्द्र समान पराक्रमी र उनीप्रति प्रेम भाव राख्नेछन्। अतः पाण्डवहरूको कहिले पनि नाश हुन सक्दैन। क्रमशः...

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

संसारमा अध्यात्मको कमी छैन। धार्मिक साहित्य तथा धार्मिक स्थलहरू पनि धेरै छन्। धर्म फैलाउन विश्वभरि लाग्ने मानिसहरूको सङ्ख्या पनि धेरै छ। सबैको जीवनमा धर्मको धेरै महत्त्व छ। यी सबैथोक हेर्दा विश्वभरि सहिष्णुता र धार्मिकताको कमी नहुनुपर्ने हो तर विश्वमा धर्मभन्दा पापको प्रभाव व्यापक देखिन्छ। पापाचार, दुराचार बढेको र धार्मिकता घटेको हामी पाउँछौं। धार्मिकता बढाउने कोशिश प्रशस्त गरिए पनि यसको परिणाम शून्य बराबर छ। जीवनमा पवित्रता, सहिष्णुता, निडरता, सद्भाव तथा आनन्दलाई धार्मिकता मान्ने हो भने यो विश्वमा धार्मिकताको नितान्त अभाव भएको हामी पाउँछौं तर विश्वभरि भए गरेका धार्मिक क्रियाहरूलाई धर्म मान्ने हो भने विश्वमा धर्मको कमी देखिंदैन। विश्वभरि नै धार्मिक गतिविधि बढिरहेको अवस्थामा जीवनमा धार्मिकताको अभाव हुनुले हामीलाई लाग्छ कि कहीं न कहीं हामीहरूले गलती गरिरहेका छौं। त्यही भएर विश्वभरि भइरहेका धार्मिक क्रियाकलापहरूका बावजूद पनि जीवनमा धार्मिकताको कमी भइरहेको छ। धर्मको आफैंमा अलग कुनै उद्देश्य हुँदैन। धर्मको नाममा जे पनि धार्मिक गतिविधि गरिन्छ, त्यसको उद्देश्य हामीहरूको कर्म र विचारमा पवित्रता ल्याउनु हो। यदि कसैले आफ्नो कर्मलाई श्रेष्ठ तरीकाले गर्दछ, कर्म गर्दा सद्भावनायुक्त शुद्ध विचार राखेर पारदर्शी तरीकाले सात्त्विक उद्देश्यद्वारा प्रेरित भएर गर्दछ भने त्योभन्दा ठूलो धर्म केही हुँदैन।

धर्मको कुनै लक्ष्य हुँदैन तर हामीहरू धर्मको लक्ष्य खोजी गरिरहेका छौं। यिनै पूजापाठ, दान–पुण्य, कर्मकाण्ड, ध्यान–साधना आदि क्रियाहरूले हामीहरूलाई धर्मको लक्ष्यमा पुऱ्याइदिनेछन् भनेर हामीहरू तिनै क्रियाहरू बारम्बार दोहोऱ्याइ–तेऱ्ह्याइरहेका छौं। जबसम्म हामीले धर्म भनेको के हो भन्ने कुरा बुझ्दैनौं, तबसम्म हामीहरू बेकारमा परिश्रम गरिरहेका छौं। हाम्रो आन्तरिक जीवनमा मुख्य कुरा भनेको हाम्रा कर्महरू, विचारहरू एवं प्रवृत्तिहरूको पवित्रता हो। तपाईंका कर्महरू, विचारहरू ठीक र पवित्र छन् भने तपाईं सय प्रतिशत धार्मिक व्यक्ति हुनुहुन्छ। मुख्य कुरा हामीहरू आफ्ना कर्महरूलाई दूषित र अपवित्र बनाउँछौं र ती कर्महरूलाई पाप सम्झन्छौं, अनि ती पापहरू कम गर्नकै लागि केही अलग धार्मिक गतिविधि गरी पाप र पुण्यको बही खाता बराबर गर्न चाहन्छौं। तर हामीलाई थाहा छैन कि यो हिसाबकिताब हाम्रो संसारमा मात्र चल्छ। अध्यात्ममा यस किसिमको हिसाबकिताब चल्दैन।

आन्तरिक जीवनमा कर्ममा पवित्रता र विचारहरूमा शुद्धता जरुरी छ। यदि तपाईंको कर्ममा पाप छ भने अन्य कुनै पनि पुण्य कर्मका नामले गरिएका गतिविधिले त्यो घाटालाई पूर्ति गर्न सक्दैन। हामीहरू आफ्नो कर्मलाई पाप सम्झन्छौं किनकि हामीलाई आफ्नो कर्मको पवित्रतामाथि नै विश्वास छैन। यदि तपाईंलाई आफ्नो कर्म पवित्र छ भन्ने विश्वास छ भने कसैको कुरामा ध्यान नदिनोस्। तपाईं धार्मिक हुनुहुन्छ किनकि तपाईंका कर्महरू पवित्र छन्। सामान्यरूपले भन्दा तपाईं बोल्ने हैन तपाईंको कर्म बोल्नुपर्छ। बुबाको व्यवहार एकदम पूर्णरूपमा बुबाजस्तो हुनुपर्छ भने आमाको व्यवहार एकदम पूर्णरूपमा आमाजस्तो हुनुपर्छ। यसैगरी, सबैको परिचय कर्मले दिन सक्नुपर्छ। तपाईंले आफ्नो कर्मभन्दा अलगबाट धार्मिक गतिविधिमा समय खर्च गर्नुभन्दा आफ्ना कर्म र विचारहरूलाई पवित्र बनाउनमा पूरा ध्यान दिनुभयो भने तपाईं धार्मिक हुनुहुनेछ।

जस–जसले वास्तविक जीवनको सामना ठीकसँग गर्न सक्दैनन्। उनीहरूले नै मानिसहरूलाई गलत बाटोमा डोऱ्याउँछन्। संन्यासी जीवन सेवा–धर्मको लागि उत्कृष्ट हुन्छ। जस–जसले मानिसहरूलाई गुमराह गर्छन्, उनीहरू असलमा संन्यासी पनि हुँदैनन्। तिनीहरूले गृहस्थ जीवनलाई नर्कको ढोका हो भन्दै आफूलाई गृहस्थ जीवनबाट अलग राख्छन्। उनीहरूले आफूलाई गुरुको दर्जा दिन्छन् र मानिसहरूलाई गुमराह गर्दै हिंड्छन्। उनीहरूले हाम्रो वास्तविक जीवनलाई महत्त्वहीन बनाउनमा र उनीहरूले बनाएका मान्यताअनुरूपको तथाकथित धार्मिक गतिविधिहरूलाई महत्त्वपूर्ण बनाउनमा आफ्नो सम्पूर्ण जीवन अर्पण गर्दछन्। उनीहरूले किन यस्तो गर्छन् भन्दा उनीहरूको अरू कुनै सामाजिक जिम्मेवारी र काम केही हुँदैन। जीवनका सङ्घर्षबाट त उनीहरू भागि नै सकेका हुन्छन्। तपाईंहरू आफैं विचार गर्नुस्, जो आफ्नो जीवनको सङ्घर्षबाट आफैं अलग भइसकेका हुन्छन्, त्यस्ताले हामीहरूलाई जीवनयापन गर्न के सिकाउलान्।

क्रमशः

# चमत्कारी र अद्भुत इन्डोक्राइन


वाटिका
डा शिवशङ्कर यादव

shivshankaryadav3398@gmail.com

**जब वैज्ञानिकहरूले इन्डोक्राइनको पाना पल्टाउन थाले, तब यसको अद्भुत कारनामा पत्ता लाग्दै गयो र अहिले पनि पत्ता लाग्ने क्रिया जारी छ। अतः यसको अध्ययनलाई तीन भागमा बाँडिएको छ, पहिलोमा इन्डोक्राइन ग्लैन्डको वर्णन हुन्छ। दोस्रोमा उसको विश्लेषणात्मक अध्ययन हुन्छ र तेस्रोमा यसलाई कसरी बनाउने भन्ने सिन्थेटिकल अध्ययन हुन्छ।**


तीन किलोको बच्चा ७३ किलोको कसरी हुन पुग्छ? एक फुटको बच्चा छ फुटको कसरी हुन पुग्छ? किन जवानीमा नै महिलामा ऋतुस्राव हुन्छ? किन १८, १९ वर्ष पुगेपछि नै पुरुषमा दाऱ्ही–जुँगा आउँछ? यावत् प्रश्नहरूले सर्वसाधारणको लागि केही अर्थ राख्दैन। तर वैज्ञानिकहरूले यी प्रश्नको उत्तर पाएनन् भने चैनले बस्दैनन्। चैनले बस्न नसकेर सन् १८५५ मा क्लाउड बर्नार्डले केही अङ्गहरूले रस निकाल्छन् भने। जसको नाम उनले इन्टरनल सिक्रिसन राखे। त्यसपछि सन् १८८० मा इटालियाली वैज्ञानिक निकोला पेन्डीले ती सिक्रिसन निस्किने प्रक्रियालाई इन्डोक्राइनोलोजी नाम दिए पनि यसको श्रेय सन् १९०७ मा न्यूयोर्कवासी वैज्ञानिक जिरोमी कोनमा पनि जान्छ। अर्नेस्ट स्टर्लिङले लन्डनमा लेक्चर दिंदा पहिलोपटक त्यस इन्टरनल सिक्रिसनलाई हार्मोन भनेर उच्चारण गरे। हार्मोन मतलब जीवनमा हार्मोनी ल्याउने तत्त्व।

यसरी इन्डोक्राइनोलोजीको विकास हुँदै गयो र पत्ता लाग्यो कि केही ग्रन्थिहरू छन् शरीरमा जसले चुपचाप रगतमा आफ्नो तत्त्व छोडिदिन्छन्, जसले आफ्नो निर्धारित कोषमा पुगेर नै आफ्नो प्रभाव देखाउँछ। यसरी चुपचाप बस्ने यी ग्रन्थि जीवनमा आँधीबेहरी नै ल्याइदिन्छन्। जसरी कुनै मिसाइलले निर्धारित शहरमा नै खसेर विध्वंस मचाउँछ, त्यस्तै काम यी ग्रन्थिरसको पनि छ। आफ्नो लक्षित अङ्गमा नै यो एक्शनमा आउँछ। शरीरभरि रगतसँग दगुरिरहे पनि अन्यत्र केही गर्दैन। यसभन्दा पहिले वैज्ञानिकहरूले पत्ता लगाइसकेका थिए कि केही ग्रन्थिहरू आफ्नो रसलाई नलीद्वारा आन्द्रामा पठाएर पाचनक्रिया सम्पन्न गर्छन्। जब इन्डोक्राइन ग्रन्थि पत्ता लाग्यो, त्यसले तहलका नै मचाइदियो। टेस्टोटेरोनको पत्ता अर्नेस्ट लिकरले सन् १९३५ मा लगाए। यो त्यही हार्मोन हो, जसले पुरुषमा पौरुषको लागि जिम्मेवार हुन्छ। वैज्ञानिकहरूलाई लाग्यो कि उनीहरूले पुरुषत्व र जवानीको कुँजी नै प्राप्त गरिसके। तर परिणाम निराशाजनक नै रह्यो। यस हार्मोनको प्रयोग किशोरकालमा त झन् यौन क्रियाशीलतालाई बढाइदिन्छ, जसमा उसको कुनै जरूरत नै हुँदैन। कमी भएमा पनि यसले काम गर्छ। तर जरूरत भएका अधबैंसे र बूढोमा यसको असर उल्टो आयो र भएको यौन क्रियाशीलता पनि बेपत्ता भयो। यसको मतलब यो भयो कि हार्मोनको एक्शन धेरै संवेदनशील हुन्छ र उचित मात्रा र उमेरमा नै काम लाग्छ। असलमा कुरा यो छ कि यस इन्डोक्राइन सिस्टममा फिडब्याक मेकानिज्म पाइन्छ। यसको मतलब यो हुन्छ कि जब पिटचुटरी ग्लैन्डले मेसेन्जरमार्फत टेस्टिसबाट टेस्टोटेरोन निकाल्न भन्छ, तब काम पूरा भएपछि अथवा एक निश्चित मात्रामा टेस्टोटेरोन पुगेपछि टेस्टिसले पनि पिटचुटरीलाई खबर पठाउँछ कि अब पुग्यो आफ्नो मेसेन्जरलाई कम गर। तब पिटचुटरीले आफ्नो स्रावलाई कम गरिदिन्छ। यसको मतलब एकको कमीले अर्कोलाई बढाइदिन्छ र अर्कोको कमीले पहिलोलाई बढाइदिन्छ। यदि बाहिरबाट थप टेस्टोटेरोन दिइयो भने पिटचुटरीको स्राव पूरै बन्द भएर जान्छ र यसरी उल्टो कुरा हात लाग्छ।

प्राचीनकालमा मानिसलाई अण्डकोष र खसी बनाउने प्रक्रियाबारे थाहा थियो। अझ अँध्यारो युगमा त युद्धमा मरेको सैनिकको अण्डकोषलाई शक्ति प्राप्त गर्नको लागि युद्धरत सैनिकहरूले नै खाने गर्थे। त्यसले शक्ति दिन्छ भन्ने विश्वास थियो। आज पनि त्यसै विचारले मानिसले कुखुराको अण्डकोष खाने गर्छ। खैर जेहोस्। वैज्ञानिकहरूले दुई किसिमका ग्रन्थि पत्ता लगाए।

एक जसले आफ्नो स्रावलाई कुनै नलीद्वारा शरीरको सतहमा पठाउँछ, जसरी अग्नाशय, कलेजो आदि। त्यसलाई एक्सोक्रिन ग्रन्थि भनियो।

दोस्रो यसको विपरीत आफ्नो स्रावलाई सीधैं रगतमा टप्काइदिन्छ। त्यसलाई इन्डोक्राइन ग्लैन्ड वा अन्तःस्रावी




ग्रन्थि भनियो। उसको स्रावलाई हार्मोन भनियो। एक्सोक्राइन ग्रन्थिको रसलाई हार्मोन भनिंदैन।

त्यसपछि यसको सङ्ख्या पत्ता लगाइयो। शरीरका विभिन्न भागमा अवस्थित यिनको सङ्ख्या १४ वटा छन्–

पिटचुटरी–१, पिनियलबडी–१, थाइरायड–१, पाराथाइरायड–४, प्याङ्क्रियाज–१, एड्रिनल ग्रन्थि–२, टेस्टिस–२, ओभरी–२।

त्यसपछि यो पत्ता लाग्यो कि यी ग्रन्थिका त पूरा एक सिस्टम नै छ। यी सबैलाई नियन्त्रण गर्ने एउटा मास्टर ग्रन्थि छ, जसको अनुमतिविना कसैले काम गर्दैन। यस मास्टर ग्रन्थिलाई पिटचुटरी ग्लैन्ड वा हाइपोफाइसिस भनिन्छ, जसले ब्रेनको बेसमा सेलाटर्सिका नामक आफ्नो च्याम्बरमा नै बसी–बसी सबैको लगाम आफ्नो हातमा राख्छ। तर यसको पनि लगाम हाइपोथैल्मस नामक ब्रेनको एक भागले गर्छ। यावत् कुराले यस सिस्टमलाई मैले अद्भुत इन्डोक्राइन भनेको हुँ। अब आउनुस्, कहाँ–कहाँ कुन कुन ग्रन्थि बसेको छ, त्यसले कुन हार्मोन निकाल्छ र त्यसको काम के हो? भन्नेबारेमा निकै संक्षेपमा जानौं–

**पिटचुटरी ग्रन्थिः** माथि भनिसकियो कि यो सेलाटर्सिका नामक च्याम्बरमा बस्छ। यसको दुई भाग हुन्छ– अगाडिको भाग र पछाडिको भाग। अगाडिको भागले निकाल्छ– ग्रोथ हार्मोन, जसले तीन किलो र एक फुटको बच्चालाई ७३ किलो र छ फुटको बनाउँछ।

**थाइरायड स्टिमुलेटिङ हार्मोनः** जसले थाइरायडलाई आफ्नो हार्मोन निकाल्न आदेश दिन्छ। फोलिकुलर स्टिमुलेटिङ हार्मोनले पुरुषमा शुक्रकीट निर्माण बढाउँछ र महिलामा डिम्ब निर्माण गर्छ। ल्युटानाइजिङ हार्मोनले अण्डकोषलाई टेस्टोटेरोन निकाल्न भन्छ र महिलामा ओभ्युलेशन गराउँछ। पछाडिको भागले दुईटा हार्मोन निकाल्छ– एन्टीडाइयुरेटिक हार्मोन जसले सुत्ने बेलामा पिसाब बन्न कम गर्छ ताकि निद्रामा बाधा नपरोस्। आक्सिटोसिन जसले गर्भवती अवस्थाको महिलामा बच्चा पैदा हुने बेलामा पाठेघरलाई सङ्कुचन गराउँछ ताकि बच्चा छिटो बाहिर आउन सकोस्। र गर्भवती नभएको महिलामा सम्भोगको बेलामा शुक्रकीटलाई डिम्ब अथवा स्त्री अन्डासम्म पुऱ्याउने मदत गर्छ।

**थाइरायड ग्रन्थिः** यो सबैभन्दा ठूलो इन्डोक्राइन ग्रन्थि हो, जो घाँटीको अगाडि बसेको हुन्छ, जसलाई थुक निल्दा सबैले स्पष्ट देख्न सक्छन्। यसले टी४, टी३ र क्याल्सिटोनिन हार्मोन निकाल्छ। यी हार्मोन शरीरको मेटाबोलिज्मको लागि अत्यावश्यक हुन्छ। बढी भए ग्रेभ्स डिजिज हुन्छ र कम भए क्रेटिनिज्म भनेको पुड्कोपन हुन्छ, जो मेन्टली डल हुन्छ। यसको ठीकविपरीत पिटचुटरीको ग्रोथ हार्मोनको कमीले पनि पुड्कोपन हुन्छ तर यो तेज दिमागको हुन्छ। थाइरायड हार्मोन बन्न आयोडिन जरुरी हुन्छ, जसलाई नूनमा मिलाएर उपलब्ध गराइन्छ। कमी भयो भने गलगाड नामक रोग लाग्छ।

**पाराथाइरायड ग्रन्थिः** यो चारवटा हुन्छ र थाइरायड ग्रन्थिको दुवै लोबको पछाडि एउटा माथि र अर्को तल बसेको हुन्छ। यसले पैरेथोर्मोन नामक हार्मोन निकाल्छ, जसले क्याल्शियमको चयापचयमा भाग लिन्छ।

**एड्रिनल ग्रन्थिः** यो दुईटा हुन्छ र दुवै मिर्गौलाको माथि महोदयहरू आसन जमाएर बसेका हुन्छन्। त्यस कारण यसलाई सुप्रारेनल ग्लैन्ड पनि भनिन्छ। यसको कार्टेक्स र मेडचुला भनेको दुईटा भाग हुन्छन्। यसले कार्टिकोस्ट्रेवाइड र सेक्स हार्मोन निकाल्छ। कार्टिकोस्ट्रोवाइडविना मानिस तीन घण्टामा मर्छ। यसले मानिसलाई आकस्मिकको लागि तयार पार्छ। जसरी यदि तपाईंको अगाडि एक्कासि साँप देखियो भने तुरुन्त कार्टिसोल निस्केर परिस्थिति अनुसार साँपलाई मार्न लगाउँछ वा भाग्न लगाउँछ। दुवैमा जीवन जोगाउने उसको लक्ष्य हुन्छ। सेक्स हार्मोन धेरै कम हुन्छ र केवल इच्छा जगाइराख्ने मात्र काम गर्छ। खसी पारेका खसीलाई पनि हामी सेक्स गतिविधि गरेको देख्छौं। त्यो यसै सेक्स हार्मोनले हुन्छ तर सेक्सको मुख्य कार्य सम्भोग यसले गर्न सक्दैन।

**प्याङ्क्रियाज अथवा अग्नाशयः** यो अमाशयको पछाडि बसेको हुन्छ। यो एकै साथ इन्डोक्राइन र एक्सोक्राइन दुवै ग्रन्थि हुन्। प्याङ्क्रिएटिक जुस प्याङ्क्रिएटिक नलीबाट प्रवाहित गरेर पाचनक्रियामा भाग लिन्छ। नलिकाविहीनरूपले यसको आइसलेट अफ लैंगरहेन्स नामक भागले इन्सुलिन र ग्लुकागोन हार्मोन निकाल्छ। इन्सुलिनसँगको परिचित नहोला? यसले चिनी पचाउँछ र पचाएन भने मधुमेह अथवा डाइबिटिज नामक रोग हुन्छ। ग्लुकागोनले ब्लडसुगर बढाउँछ, प्रोटिनलाई ग्लुकोजमा परिवर्तित गर्छ र फैटको युटिलाइजेशन बढाउँछ। यसरी अग्नाशय ९५ प्रतिशत एक्सोक्रिन र दुई प्रतिशत मात्र इन्डोक्राइन रूप हो।

**टेस्टिस ग्रन्थिः** यो केवल पुरुषमा पाइन्छ र दुवै तिघ्राको बीचमा शिश्नको तल स्क्रोटम नामक छालाको सानो झोलामा बाहिर झुन्डिएको हुन्छ। यसले टेस्टोटेरोन नामक एकमात्र हार्मोन निकाल्छ। यसको काम केवल १४, १५ वर्षमा नै शुरू हुन्छ, जस कारण यौन

(बाँकी पाँचौं पातामा)

# अन्तर्राष्ट्रिय समाचार

## द्रौपदी मुर्मु भारतको पन्ध्रौं राष्ट्रपति घोषित

नयाँ दिल्ली, ६ साउन/एएनआई

भारत सरकारले द्रौपदी मुर्मुलाई देशको पन्ध्रौं राष्ट्रपति घोषणा गरेको छ। बिहीवार राति मतगणना समाप्तिसँगै राज्यसभाका महासचिव एवं राष्ट्रपति चुनावका निर्वाचन अधिकृत पिसी मोदीले द्रौपदी मुर्मुलाई दिल्लीस्थित उनको निवासमा राष्ट्रपतिमा निर्वाचित भएको प्रमाणपत्र हस्तान्तरण गरेर आधिकारिकरूपमा देशको पन्ध्रौं राष्ट्रपति घोषणा गरेका हुन्।


तस्वीरः एएनआई

मतपरिणाम अनुसार मुर्मुले २,८२४ र उनका प्रतिद्वन्द्वी यशवन्त सिन्हाले १,८७७ मत प्राप्त गरेका थिए। निर्वाचनमा ४,७५४ मत खसेको थियो, जसमा ५३ मत बदर भएको थियो।

प्रधानमन्त्री नरेन्द्र मोदी र भारतीय जनता पार्टीका अध्यक्ष जेपी नड्डाले नवनिर्वाचित राष्ट्रपति मुर्मुलाई उनको निवासमा भेटेर बधाई ज्ञापन गरेका थिए। अल्पसङ्ख्यक जातीय समुदायकी मुर्मु भारतको पहिलो आदिवासी महिला राष्ट्रपति भएकी छन्। आगामी सोमवार उनले पद तथा गोपनीयता शपथ लिने कार्यक्रम छ। भारतको संविधान अनुसार प्रधानमन्त्री कार्यकारी सरकार प्रमुख हुन् भने राष्ट्रपति पदीय मर्यादा अनुसार प्रधानमन्त्रीभन्दा माथिको ठूलो औपचारिक पद हो।

पूर्वी राज्य उडिसाकी ६४ वर्षीया मुर्मु सन् २०१५ देखि २०२१ सम्म झारखण्ड राज्यको राज्यपाल थिइन्। सन्थाल जातिकी अल्पसङ्ख्यक सदस्य उनको समुदायका मानिस पूर्वी नेपालको झापा र मोरङमा बसोवास गर्दै आएका समाचार संस्था एपीले जनाएको छ।

राजनीतिमा प्रवेश गर्नु अघि उनी विद्यालय शिक्षिका थिइन्। प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टीबाट दुईपटक सांसद भएकी उनका बुवा र हजुरबुवा उडिसाको मयुरभञ्ज जिल्लाको बैदापोसीमा गाउँका प्रमुख थिए। रासस

## दिनेश गुणवर्धना श्रीलङ्काको पन्ध्रौं प्रधानमन्त्री

कोलम्बो, ६ साउन/एएनआई

श्रीलङ्काको १५औं प्रधानमन्त्रीको रूपमा दिनेश गुणवर्धनाले शपथ लिएका छन्।

श्रीलङ्का पोदुजाना पेरामुना पार्टी (एसएलपिपी) का ७३ वर्षीय सांसद गुणवर्धनाले प्रधानमन्त्री कार्यालयमा राष्ट्रपति रनिल विक्रमासिंघेसमक्ष पद तथा गोपनीयताको शपथ लिएका हुन्।

विभिन्न दलका विधायक एवं राजनीतिक दलका नेताहरूसँग बिहीवार भएको सघन छलफलपछि आज उनलाई प्रधानमन्त्री पदको शपथ गराइएको हो। भूतपूर्व राष्ट्रपति गोटाबाया राजापाक्षे र रनिल विक्रमासिंघेको नेतृत्वमा उनले गृहमन्त्रीका रूपमा काम गरेका थिए।

आगामी बुधवार संसद् बैठकपछि राष्ट्रिय सरकार गठनका विषयमा छलफल हुने बताइएको छ। राजनीतिक दलहरू मिलेर राष्ट्रिय सरकार गठन गरेपछि मन्त्रिपरिषद् पुनर्गठन हुनेछ।


तस्वीरः एएनआई

यसैबीच राष्ट्रपति सचिवालय बाहिर ठूलो सङ्ख्यामा उपस्थित प्रदर्शनकारीहरूलाई नियन्त्रण गर्न भारी मात्रामा सशस्त्र सुरक्षाकर्मी परिचालन गरिएको थियो। उनीहरूले राष्ट्रपति विक्रमासिंघेको विरोध गरिरहेका छन्। यहाँस्थित सरकार विरोधी प्रदर्शन शिविरमा सुरक्षाकर्मीले छापा मारेको थियो। रासस

## झूटो र द्वेषपूर्ण दाबीको बिबिसीले मूल्य चुकायो

लन्डन, ६ साउन/एपी

राजकुमारी डायनासँग विशेष टेलिभिजन अन्तर्वार्ता लिन बिबिसीका एकजना पत्रकारले झूटो र द्वेषपूर्ण विषयवस्तु लिएर गरेको प्रयास अन्ततः गलत साबित भएको छ। विश्वसनीयताका निम्ति विश्वविख्यात प्रसारण संस्थाले एकजना शाही सुसारेलाई क्षतिपूर्तिस्वरूप ठूलो रकम तिर्नुपरेको छ भने उनीसमक्ष सार्वजनिकरूपमा क्षमा याचना गर्नुपरेको छ।

राजकुमार विलियम र ह्यारीका पूर्व सुसारे टिग्गी लेगे-बोर्के भनेर चिनिने



तस्वीरः एपी

अलेक्जान्ड्रा पेटिफरको युवराज चार्ल्ससँग सम्बन्ध रहेको झूटो दाबीका निम्ति बिहीवार बिबिसीका महानिर्देशक टिम डेभीले लन्डनको उच्च अदालतमा उपस्थित भएर उनलाई पर्याप्त क्षतिपूर्ति तिर्न सहमति जनाउँदै माफी मागेका हुन्।

पत्रकार मार्टिन वशीरले सन् १९९५ मा डायनाको अन्तर्वार्ता पाउन छलपूर्ण माध्यम प्रयोग गरेको अनुसन्धानबाट खुलेको थियो। बिबिसीको द्वेषपूर्ण दाबीप्रति आपत्ति जनाउँदै राजकुमार विलियम र ह्यारीले प्रसारण संस्थाको कडा आलोचना गरेका थिए।

पेटिफरको गर्भमा युवराज चार्ल्सको भ्रूण रहेको, त्यसलाई पछि पतन गराएकोजस्ता झूटा आरोप लगाइएको थियो। पत्रकारिताका साथै राजतन्त्रमा गम्भीर आघात पुग्ने गलत काम वशीरले गरेको जानकारी भएपछि उनलाई तत्काल बर्खास्त गरिएको थियो। रासस

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याहन १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनक्षति | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – कर्मप्राप्ति | कन्या – अलमल |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – शत्रुभय | मकर – चोरभय |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

घरबाट निस्केको फोहोर डस्टबिनमा फालौं,
सभ्यताको परिचय दिऔं।

वीरगंज महानगरपालिका कार्यालय

बजेटमा छुट भएपछि....

बोल्ट मोबिलिटी प्रालि, दुईपाङ्ग्रे सवारी साधन एसेम्बल गर्न ग्लोबल अटोमोबाइल्स, दुईपाङ्ग्रे तथा तीनपाङ्ग्रे सवारी साधन उत्पादन गर्नेगरी दुगड अटो क्लिनिक र दुईपाङ्ग्रेदेखि छ पाङ्ग्रेसम्मका विद्युतीय र पेट्रोलियम पदार्थबाट सञ्चालन हुने गाडी एसेम्बल गर्नका लागि एसजी अटोक्राफ्ट नामक उद्योग दर्ता भएका हुन्।

सुजुकीका कार तथा मोटरसाइकल र तीनपाङ्ग्रे सवारी एसेम्बल गर्न चौधरी समूह अन्तर्गतको सिजी होल्डिङले बाराको परवानीपुरमा रु एक अर्ब ३१ करोड ६९ लाखको लगानीमा उद्योग दर्ता गरेको छ। उक्त कम्पनीले वार्षिक १० हजार दुईपाङ्ग्रे, तीन हजार तीनपाङ्ग्रे र १० हजार चारपाङ्ग्रे सवारी उत्पादन गर्ने लक्ष्य राख्दै उद्योग दर्ता गरेको हो।

यस्तै यमाहाका मोटरसाइकल तथा स्कूटर नेपालमैं एसेम्बल गर्न एमएडब्लु अटो प्रालि गत असोजमा उद्योग विभागमा दर्ता भएको छ। एमएडब्लु इन्टरप्राइजेजले यमाहा ब्रान्डका मोटरसाइकल तथा स्कूटर एसेम्बलका लागि रु एक अर्ब ५१ करोड ५० लाख बढीको लगानी गरेको छ। मोरङमा स्थापना गरिएको उक्त उद्योगबाट वार्षिक ३१ हजार मोटरसाइकल र १९ हजार स्कूटर उत्पादन हुने जनाइएको छ।

इ-बोल्ट मोबिलिटी प्रालि नामक उद्योग विभागमा दर्ता भएको छ। ललितपुर जिल्लाको गोदावरीमा रहने उक्त उद्योगमा रु २४ करोड ३० लाख लगानी गर्ने स्वीकृति भएको छ। इ-बोल्ट मोबिलिटीले वार्षिक १५ हजार विद्युतीय स्कूटर उत्पादन गर्ने क्षमता रहेको जनाएको छ।

यसैगरी दुईपाङ्ग्रे सवारीसाधन एसेम्बल गर्न ग्लोबल अटोमोबाइल्स प्रालि दर्ता भएको छ। विशाल समूहको लगानीमा मोटरसाइकल तथा स्कूटर र तीनपाङ्ग्रे सवारी उत्पादन गर्न उक्त उद्योग दर्ता भएको हो।

वार्षिक ३० हजार मोटरसाइकल तथा स्कूटर र पाँच हजार तीनपाङ्ग्रे अटोरिक्सा उत्पादन गर्नेगरी रु ४६ करोड ४५ लाख ९२ हजारको लगानीमा पर्साको बिन्दवासिनी गाउँपालिका-१ मा स्थापना हुनेगरी उक्त उद्योग दर्ता भएको हो।

एलपी ग्याँस तथा पेट्रोलियम व्यवसायीका रूपमा चिनिएका व्यवसायी शिवप्रसाद घिमिरेले दुईपाङ्ग्रेदेखि छ पाङ्ग्रेसम्मका विद्युतीय र पेट्रोलियम पदार्थबाट सञ्चालन हुने गाडी एसेम्बल गर्नका लागि एसजी अटोक्राफ्ट नामक उद्योग दर्ता गरेका छन्।

रु तीन अर्ब बढी लगानीमा बाराको जीतपुरसिमरा उपमहानगरपालिका-११ मा स्थापना हुने उक्त उद्योगले वार्षिक विद्युतीय मोटरसाइकल तथा स्कूटर २१ सय थान, विद्युतीय तीनपाङ्ग्रे १२ सय थान, विद्युतीय कार-जीप ६०० र इ-बस १२० युनिट उत्पादन गर्नेछ।

इन्टरनल कम्बसन इन्जिन (आइसिई) मोटरसाइकल तथा स्कूटर १० हजार ५०० युनिट, आइसिई तीनपाङ्ग्रे रिक्सा १५ सय युनिट, आइसिई फोर ह्विलर्स (कार, एसयुभी, जीप) ६०० युनिट र आइसिई सिक्स ह्विलर्स गाडी ७५० युनिट उत्पादन गर्नेछ।

दुगड अटो क्लिनिक प्रालिले दुईपाङ्ग्रे तथा तीनपाङ्ग्रे सवारीसाधन उत्पादन गर्नेगरी उद्योग दर्ता गरेको छ। रु ३० करोडको लगानी रहने उक्त उद्योगले वार्षिकरूपमा २४ हजार दुईपाङ्ग्रे र चार हजारवटा तीनपाङ्ग्रे सवारी उत्पादन गर्नेगरी उद्योग दर्ता गरेको हो।

बजेटमैं सरकारले सवारी एसेम्बलिङ उद्योगमा छुटको घोषणा गरेपछि नयाँ उद्योग दर्ता सङ्ख्यामा वृद्धि भएको उद्योग विभागका महानिर्देशक रामचन्द्र तिवारीले जानकारी दिए। उनले विभिन्न ठूला व्यावसायिक घरानाले नेपालमैं सवारी एसेम्बलिङ गर्नेगरी उद्योग दर्ता गर्न थालेको बताए।

नाडा अटोमोबाइल्स एसोसिएशनका अध्यक्ष ध्रुवबहादुर थापा, सरकारले छुटको घोषणा गरेसँगै व्यवसायीको आकर्षण थपिएको बताउँछन्। उनका अनुसार सरकारले विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्न नेपालमैं सवारी उत्पादन गर्ने उद्योगलाई छुट दिंदा नयाँ उद्योग दर्ता गर्नेको सङ्ख्या वृद्धि भएको हो।

उनले सरकारको अस्थिर नीतिका कारण नेपालमा एसेम्बल उद्योग दर्ता गर्न व्यवसायी इच्छुक भएर उद्योग दर्ता गरे तापनि तत्काल ठूलो लगानी गर्न सक्ने अवस्था नभएको बताए।

"नेपालमा सवारी एसेम्बलिङ उद्योग दर्ता गर्न ठूलो रकम आवश्यक पर्छ, सरकारको अस्थिर नीतिका कारण व्यवसायी उत्साहित छैनन्, दुईपाङ्ग्रेभन्दा चारपाङ्ग्रेमा धेरै पूँजी खर्च हुन्छ, सरकारले नीतिगतै व्यवस्था नगर्दासम्म ठूला लगानीकर्ता आउने अवस्था देखिएको छैन"- उनले भने-"नीति बन्नुपर्छ अनि मात्र लगानी गर्न व्यवसायी उत्साहित हुन्छन्, सरकारले अहिले ल्याएको बजेटकै आधारमा लगानी गर्न व्यवसायी तयार छैनन्।"

ग्रामीण क्षेत्र....

उज्यालोमा खाना पकाउनु त्यति सहज थिएन। उहिले उज्यालोको लागि दियो र लालटिन तथा शौचकर्मको लागि खेतबारीको विकल्प थिएन। निचुटा तथा आसपासका कुनै पनि यस्तो गाउँ नहोला, जहाँ म सेवा दिन गइनँ होला। प्रत्येक गाउँका मानिसहरूले मलाई चिन्थे। मानसम्मानमा कुनै कमी थिएन।

सवारीसाधनको अभावमा एक ठाउँबाट अर्को ठाउँको यात्रा सजिलो थिएन। निचुटादेखि झन्डै आठ कोस टाढा कलैया जानु चानचुने कुरा थिएन। त्यसैले दशैं र तिहारलगायतका पर्वको बेला मात्र जान पाइन्थ्यो। निचुटामा झन्डै चौध वर्ष सेवा गरें।

**सरुवा र अवकाश**

विसं २०४९ मा मेरो सरुवा पोखरिया तथा पोखरियामा कार्यरत नर्स रोमा लामाको सरुवा निचुटामा भयो। पोखरिया स्वास्थ्य केन्द्रमा पनि वर्षौं सेवा प्रवाह गरें। बेलाबेला पदोन्नति हुँदै पछिल्लो समय पब्लिक हेल्थ नर्स छैटौं तहमा पदोन्नति भएको थिएँ। विसं २०७२ मा अनिवार्य अवकाश पाएर अहिले सेवानिवृत्त जीवन बिताइरहेकी छु।

जिन्दगीदेखि जिन्दगीसम्म....

**चर्चा'**। एउटा शुभभाव निबन्धकारले उनेका छन् अन्तमा।

अलिक फरक किसिमको निबन्ध हो, **'पानीको भोज'**। पानीको महत्त्व र आवश्यकताको व्यावहारिक तथा प्रामाणिक र दार्शनिक अभिव्यक्ति दिइनुका साथै निबन्धकारको टोलमा रहेको पानीको समस्या समाधान हुनेप्रति विश्वास व्यक्त गरिएको छ।

**'पर्खाइ'** निबन्धमा दर्शन बढी छ। पर्खनुको पनि महत्त्व हुन्छ र पर्खेर पनि फाइदा हुन्छ। पर्खेरसमेत केही काम गर्न सकिन्छ। पर्खिनु आफैंमा धैर्यता हो। यसका धेरै उदाहरण यसमा दिइएका छन्।

आत्मपरक शैलीमा कौतूहलपूर्ण प्रस्तुति रहेको निबन्ध हो, **'जेल परेको सूचना'**। एउटा मार्मिक निबन्ध हो, **'शहर संवाद'**। शहरमा प्रवेश गर्दा मनमा हुने उमङ्ग र भोग्नुपरेको पीडालाई निबन्धकारले निजात्मक शैलीमा प्रस्तुत गरेका छन्। पछिल्लो करीब तीन दशकको मकवानपुरे साहित्यमा मुक्तिगोविन्द वैद्यको योगदान अविस्मरणीय छ। वैद्य साहित्यकार नभए पनि भाषा र साहित्यको सेवा गर्नेहरूलाई निरन्तर जुन रूपमा प्रोत्साहन गरिरहेका छन्, त्यसको अनुकरण गरेर लामबद्ध हुने आज सयौं पुगिसकेका छन्। वैद्यको बहुमुखी सहयोगी भावनाको सम्मान गरिएको निबन्ध हो, **'मुक्तिगोविन्दका मुक्तिगामी पाइलाहरू'**।

**'सडकसँग हाम्रो सम्बन्ध'** एउटा साधारण निबन्ध हो। यस निबन्धमा शीर्षक अनुसारको विषयवस्तु रहेको छ तर यसमा प्रयोग गरिएको देशभक्ति भावले यस निबन्धको गरिमा बढाएको छ। शीर्षक पढ्दा हास्यव्यङ्ग्यजस्तो लाग्ने तर गम्भीर विषयवस्तु भएको निबन्ध हो, **'जिब्रो खेती'**। यसमा जिब्रोको सदुपयोग गर्नुपर्ने बताइएको छ भने जिब्रोले अरू बोले पनि नबोले पनि देश बोल्नुपर्ने अभिव्यक्ति छ।

**'मेरो अनुहार'** स्वगन्थन र हृदयको गहिराइबाट प्रस्फुटित निबन्ध हो भने साहित्यकार आरसी रिजालको साहित्यिक व्यक्तित्वलाई लिएर लेखिएको निबन्ध हो, **'आरसी रिजाल : एक शब्द चित्र'**। निबन्धकार खरेलले साहित्यकार रिजालको यथोचित सम्मान गरेका छन् तर रिजाल र मुक्तिगोविन्द वैद्यको बारेमा आएका शब्दहरूले उनीहरूको बारेमा जान्न चाहनेहरूको धीत मर्दैन।

निबन्धकार खरेलले आफ्नो मुटु निचोरेर लेखेका भावहरूको कलात्मक प्रस्तुति 'जिन्दगीदेखि जिन्दगीसम्म' एउटा विशिष्ट निबन्ध सङ्ग्रह हो। हेर्दा सानो आकारको देखिए पनि यसको मूल्य भने निकै विशाल रहेको छ। यसमा विभिन्न किसिमका निबन्धहरू रहेका छन्। संस्मरण, कल्पना र यात्राको त्रिवेणी हुँदाहुँदै पनि यसमा वस्तुपरकताको बाहुल्य हुन पुगेको छ।

दुई व्यक्तित्वको बारेमा लेखिएका जीवनीपरक निबन्धले कताकतै समीक्षाको पनि अनुभूति गराउँछ। निबन्धकार तथा सम्पादक-साहित्यकार खरेललाई यस निबन्ध सङ्ग्रहले एउटा विशेष पहिचान दिने विश्वास लिन सकिन्छ। साहित्यकार खरेलको निरन्तर उन्नयनको कामना गर्दछु।

चमत्कारी र अद्भुत.....

अङ्गको विकास, यौनेच्छाको विकास, दाह्री, जुँगा र यौन अङ्गमा रौं उमार्छ तथा आवाजलाई मोटो पार्छ। यसैको कारणले सबै पुरुषोचित गुणको विकास सम्भव हुन्छ।

**ओभरीः** यो केवल महिलामा मात्र पाठेघरको दुवैपट्टि अवस्थित हुन्छ। यसको दुई हार्मोन एस्ट्रोजेन र प्रोजेस्टेरोन हुन्। पहिलोले महीनावारी गराउँछ र दोस्रोले बसिसकेको गर्भलाई टिकाइराख्ने काम गर्छ।

**पिनियल बडीः** यो ब्रेनको बेसमा अवस्थित सबैभन्दा सानो केवल पाँचदेखि आठ ग्रामको मात्र हुन्छ। यसले मेलाटोनिनि हार्मोन निकाल्छ, जुन निद्राको तयारीको लागि जिम्मेवार हुन्छ। यो अँध्यारोमा बन्छ र उज्यालोमा हराउँछ।

यसको अलवा धेरै अरू हार्मोन पनि छन् जो मिर्गौला, मुटु, आमाशय र आन्द्रा आदिबाट निस्सृत हुन्छन् र लोकल हार्मोनको रूपमा अलग व्याख्याको माग गर्छ। यसमा प्रोस्टाग्लैन्डिन, एसीटाइलकोलीन, सिरोटिनिन, निस्टैग्मीन, सब्सटान्स पी, हिपैरिन र ब्रेडिकाइनिन आदिको नाम आउँछ। यसरी हामीले के हेर्छौं भने इन्डोक्राइन ग्लैन्डको वृहत्तर काम निम्नलिखित छन्- भोजनको मेटाबोलिज्ममा भाग लिने र शक्ति आर्जनमा सहयोग गर्ने। मानिसको शारीरिक लम्बाइ र मोटाइको निरूपण गर्ने। प्यास र भोकलाई नियन्त्रण गर्ने। शरीरको तापक्रमलाई नियन्त्रण गर्ने। मानिसको मूडलाई नियन्त्रण गर्ने। यौन कार्य र रिप्रोडक्शनको विकास र नियमन गर्ने।

यसरी जब वैज्ञानिकहरूले इन्डोक्राइनको पाना पल्टाउन थाले, तब यसको अद्भुत कारनामा पत्ता लाग्दै गयो र अहिले पनि पत्ता लाग्ने क्रिया जारी छ।

अतः यसको अध्ययनलाई तीन भागमा बाँडिएको छ, पहिलोमा इन्डोक्राइन ग्लैन्डको वर्णन हुन्छ। दोस्रोमा उसको विश्लेषणात्मक अध्ययन हुन्छ र तेस्रोमा यसलाई कसरी बनाउने भन्ने सिन्थेटिकल अध्ययन हुन्छ।

यो पनि याद राख्नुस् कि हार्मोन रूखबिरुवामा पनि पाइन्छ। वास्तवमा यो रूखबिरुवामा पाएपछि मात्र मानिसले आफ्नो शरीरमा पत्ता लगाउन शुरू गरे र यतिको रहस्योद्घाटन तपाईंको समक्ष छ। आक्सिन र गिबरलीन दुईटाको नाम जान्नुस्। पहिलोको पत्ता डच वैज्ञानिक फ्रिट्ज वेन्टले र दोस्रोको पत्ता जैक मैकमिलन र पिजे सुटरले केराउमा लगाएका थिए।

